**सिक्किम विधानसभाका माननीय अध्यक्ष, माननीय सदस्यगण,**

म यस ओजस्वी सदनका माननीय अध्यक्ष, माननीय सदस्यगण र राज्यवासीमा न्यानो अभिभादन व्यक्त गर्न चाहन्छु। हामीले लगातार रूपमा पाचौंपल्ट राज्यका जनताको जनादेश प्राप्त गरेपछि वित्त मन्त्रीको रूपमा यो मेरो दोस्रो पूर्ण बजेट हो। मलाई विश्वास छ यो बजेट राज्यका मानिसहरूको समग्र विकास र सम्वृद्धिको उदघोषक हुनेछ र यसले राज्यलाई देशमैं सबैभन्दा अग्रसरित, अनुशासित तथा नवोन्मेषी राज्य बनाउनेछ।

यी बितेका बाइस वर्षहरूमा हामीसित डटेर खड़ा हुने राज्यका मानिसहरूलाई यस अवसरमा म धन्यवाद दिन चाहन्छु। हामीले १९९४ मा सिक्किमका जनताको आस्था र विश्वास जितेर जनताको सरकार गठन गरेका थियौं। बितेका बाइस वर्षहरूमा हामी समावेशी विकास, गुणवता सेवा प्रसार तथा सिक्किमेली समाजबीच शान्ति तथा सद्भाव कायम गर्ने हाम्रो लक्ष्यमा अड़िक रहिआएका छौं। आज हामी त्यो सरकारको रूपमा अघि आउनमा सक्षम भएका छौं जसले आफ्नो बाइस वर्षको अवधिलाई विकाससितै राज्यवासीको सही तथा सह्रदय पुरा गरिरहेछ। यो सिक्किमेली नागरिकहरूद्वारा यस सरकारप्रति स्थायी बिश्वास दर्शाएको कारण तथा यस सरकारका नीतिहरूप्रति विश्वास दर्शाएका कारण सम्भव भएको हो।

वर्ष २०१६-१७ को बजेट प्रस्तुत गर्नअघि म सिक्किमका भुतपूर्व राज्यपाल स्वर्गीय भी० रामारावको असमायिक निधनप्रति हाम्रो गहिरो सम्वेदना प्रकट गर्नु आफ्नो कर्तव्य सम्झिन्छु। यस अपूरणीय क्षतिको घड़ीमा शोकाकुल परिवारका सदस्यहरूलाई ईश्वरले शक्ति तथा धैर्यता प्रदान गरून्। १९९९-२००४ सम्म यस ओजस्वी सदनमा भूतपूर्व उपाध्यक्ष स्वर्गीय पाल्देन लाचुङपाको परिवारप्रति पनि मेरो हार्दिक सम्वेदना छ। उहाँको निधनमा सिक्किमले एकजना हृदयमा जनताको हक- हितलाई कायम राख्ने एक अति समझदार तथा समर्पित व्यक्तित्व गुमाएको छ।

प्रत्येक बजेटमा झैं, वर्ष २०१६-१७ को बजेटले पनि परिवर्तनशील परिदृश्यहरूसितै जनताको परिवर्तित आकाक्षांहरूलाई परिलक्षित गर्दछ। यसले जनताको हक हितलाई कायम राख्नका निम्ति आवश्यक सरकारको प्रतिवद्धतालाई पुर्नजीवित गर्दछ।

**माननीय अध्यक्ष महोदय,**

यसै ओजस्वी सदनमा २४ फरवरी, २००३ मा राज्य सरकारले सिक्किमलाई पूर्ण जैविक राज्यमा रूपान्तरित गर्ने प्रस्ताव लिएको थियो तथा १५ अगस्त २०१० मा राज्य सरकारले सिक्किमलाई पूर्ण जैविक राज्यको रूपमा परिणत गर्न एउटा स्पष्ट मार्गचित्र सहित सिक्किम जैविक अभियानको थालनी गऱ्यो।

सिक्किमसित अहिले आएर प्रमाणित एजेन्सीहरू तथा केन्द्रिय कृषि एवंम कृषक कल्याण मन्त्रालयद्वारा पूर्ण जैविक प्रमाणित भारतको पहिलो राज्यको गौरव हासिल छ। माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीजीले पनि १८ जनवरी २०१६ मा सिक्किम देशकै पूर्ण जैविक कृषि राज्य बनेको अवसरमा आयोजित दुई दिवसीय 'दिगो कृषि तथा कृषक कल्याण राष्ट्रिय सम्मेलन' मा उपस्थिती दिनुभयो। सम्मेलनको परिणामलाई ''सिक्किम घोषणा'' को रूपमा अभिलेखित गरिएको छ जसलाई केन्द्रिय सरकारले कृषिमाथिको राष्ट्रिय नीतिको अंशको रूपमा मान्यता दिनेछ। सिक्किमलाई माननीय प्रधानमन्त्रीले प्रगति, सम्वृद्धि तथा खुशियालीको अदभूत स्थानको रूपमा सराहना गर्नुभएको थियो। धेरै बाधाहरू हुँदाहुदैँ पनि हामीले जैविक अभियानमा जे-जति हासिल गऱ्यौं त्यो असाबिक हो र म यस उच्च साहसिक कार्यलाई अझ बढ़ावा दिन सबै सरोकरवालाहरूलाई आह्वान गर्दछु। कृषकहरू तथा अन्य सरोकरवालाहरूको सहकार्य तथा पूर्ण सहयोगका कारण जैविक अभियान सफल बनेको छ। आज हामीले जैविक अभियानलाई आउने दिनहरूमा दिगो राख्ने शपथ लिनुपर्छ। माथि उल्लेखित विचारलाई मनमा राखेर राज्य सरकारले १८ जनवरीलाई वार्षिक रूपमा पालन गरिइने ''जैविक दिवस''घोषित गरेको छ।

म कृषि समुदायका सदस्यहरू, मेरो मन्त्रीमण्डलका साथीहरू, विधायकगण, विपक्षी दलका सदस्यहरू, मुख्य सचिव तथा सबै सरकारी अधिकारी, कृषकहरू अनि सिक्किमका मानिसहरूप्रति यस अभियानलाई सफल बनाई सहयोग तथा सहकार्यका निम्ति आभार एव्म बधाई दिँदछु।

**माननीय अध्यक्ष महोदय,**

आज सबैले सिक्किमलाई चिन्छन्। हामी दृढ़तासित राष्ट्रिय पहिचान तथा सराहनाको युगमा आएका छौं। आज सम्पूर्ण राष्ट्रले कुनैपनि नवोन्मेषी कल्याण कार्यक्रमहरूका निम्ति सिक्किमतर्फ हेर्दछ। देशका अन्य राज्यहरूले सिक्किमलाई एक उदाहरणको रूपमा लिनथालेका छन्। यो हाम्रो असल सोचाई विवेकपूर्ण कार्य तथा ईमानदार उद्धेश्यको परिणाम हो।

**माननीय अध्यक्ष महोदय,**

माथिका चुनौतीहरूको अटलरूपमा सामना गर्दै तथा बितेका २२ वर्षका निम्ति राज्यको सेवापछि, राज्य सरकारसित कुनै पनि चुनौतिसित जुझ्ने तथा राज्यलाई नयाँ उचाईहरूमा लैजाने पुर्ण विश्वास तथा साहस छ। सबैको पूर्ण सहयोगद्वारा सिक्किमलाई रोजगार वृद्धि, विकास तथा समग्र वैभवको दिशामा अग्रसरित गर्ने सुनिश्चित गर्नु हाम्रो उद्धेश्य हो। यसर्थ, म यस ओजस्वी सदनअघि भविष्यको मार्गचित्रको रूपमा निम्न प्रस्तुत गर्न चाहन्छु।

राज्य सरकार सिक्किमलाई नवीन विकासीय गतिशीलता उत्पन्न गरेर तथा अधिक सक्षम रणनीति शुरू गरेर हाम्रो अभियानलाई पूर्ण गर्ने दिशामा पूर्णरूपमा प्रतिबद्ध छ। यी दिनहरूमा जनताको विश्वास तथा आस्थाहरूद्वारा उत्साहित बनेकोले, म यस ओजस्वी सदनलाई आश्वस्त गर्न चाहन्छु कि जनता समक्ष गरिएका संकल्पलाई पूरा गर्ने दिशामा हामी हाम्रा संसाधनलाई समर्पित गर्न कुनै कसर राख्नेछैनौं। जनताको बुनियादी न्यूनतम आवश्यकताहरूलाई हामीले पुरा गरेको म गर्वसित भन्न चाहन्छु। राज्य

सरकारद्वारा अप्नाइने विकासीय रणनीति तथा नीतिहरू जनसाधरणको आकांक्षाहरूलाई पूर्णरूपमा सम्बोधन गर्नेतर्फ कृत संकल्पित हुनेछन्।

विकास पूर्वाधारका सबै सामाजिक तथा आर्थिक क्षेत्रको सम्बन्धमा हामी अघिबाटै पृथक मार्गचित्र तयार गर्ने प्रक्रियामा छौं जसले उद्धेश्यपूर्ण विकासीय गतिविधिको कार्यान्वयनलाई सहज बनाउने छ तथा इच्छित दिशा निर्देशनको स्पष्ट अर्थ प्रदान गर्नेछ। विगतमा ह्लझैं, हामी हाम्रो विकासीय रणनीतिमा प्राकृतिक संसाधन आधारित दृष्टिकोषलाई अप्नाउने छौं र पयार्वरणीय स्थिरतालाई रेखाङ्कित गर्नेछौं। हाम्रो विकासीय नीति प्रारूपको कार्यकुशलतालाई आर्थिक विकासको वस्तुगत सोंचबाट मात्र सराहना नगरिएर मानसिक तथा भावपूर्ण स्तरमा पनि मानिसहरूले प्राप्त गरेको कल्याणबाट सराहना गरून्।

**माननीय अध्यक्ष महोदय,**

हाम्रो विकासीय रणनीतिमा सहभागिता नियोजन तथा कार्यवन्यन प्रमुख नीति निर्धारक रहेको छ। तृणमूल स्तरमा उच्च क्षमता विकेन्द्रिकरण तथा हस्तान्तरण मार्फत एउटा प्रभावी तथा जीवन्त पञ्चायतीराज संस्थान तयार गर्ने प्रयास चलिरहेछ। मेरो सरकारले मानिसहरूको तृणमूल स्तरमा आवश्यकताहरूलाई तल्लो तहदेखि माथिलो तहसम्म सशक्त गर्ने सिद्धान्तमाथि विश्वास गर्छ। विकेन्द्रिकरणको प्रक्रियालाई संस्थागत गरिएको छ तथा तृणमूल स्तरमा प्रशासनिक ब्यवस्थालाई मजबूत गर्ने प्रक्रिया शुरू गरिएको छ। पञ्चायतीराज संस्थानहरूलाई सहयोग पुऱ्याउन सम्पूर्ण राज्यलाई समावेश गर्दै ३१ खण्ड प्रशासनिक कार्यालयहरूको स्थापना कार्य पुरा गरिएको छ तथा खण्ड विकास केन्द्रहरूमा सबै नागरिक केन्द्रित सेवाहरू उपलब्ध गराइनेछ।

**माननीय अध्यक्ष महोदय,**

हामीमाथि जताइएको विश्वास तथा अपार जनादेश भर्खरै समाप्त भएको स्थानीय शहरी निकायको चुनावमा हाम्रो पक्षमा आएको सय-प्रतिशत परिणामले स्पष्टरूपमा दर्शाएको छ। यहाँ म एकपल्ट फेरी हाम्रा मानिसहरूलाई हामीप्रति यति विध्न विश्वास जताएकोमा धन्यवाद दिन खड़ा भएको छु। यसैले हामीलाई हाम्रा मानिसहरूका निम्ति लगातर कार्य गर्न प्रोत्साहित गर्दछ। राज्यका मानिसहरूबाट हामीले प्राप्त गरेको यस पवित्र जनादेशलाई सम्मान गर्ने म मेरा विधायी सहयोगीहरूलाई विनम्रतापूर्वक आग्रह गर्न चाहन्छु तथा प्रत्येक सिक्किमेली नागरिकहरूको आशा-आकाक्षांहरूलाई तत्परतापूर्वक पुरा गर्ने आग्रह गर्दछु।

**माननीय अध्यक्ष महोदय,**

म यस ओजस्वी सदनलाई जानकारी गराउन चाहन्छु कि १४ औं वित्त आयोगद्धारा राज्यको सकल घरेलू उत्पादको अनुमानभन्दा अधिक आकलनका कारण राज्यको वित्तीय स्थितिलाई गम्भीररूपमा प्रभावित गरेको छ र यसको फलस्वरूप राज्यको राजस्व अनुमानमाथि प्रभाव पारेको छ। चालू वित्तीय वर्ष (२०१५-१६) मा सिक्किमलाई हस्तान्तरित कोषमा वर्ष २०१४-१५ को तुलनामा २० प्रतिशत कमी पाइएको छ जबकि अन्य सबै राज्यहरूको सयुंक्त संयुक्त वृद्धि ३५ प्रतिशत रहेको छ। यो कमी १४ औं वित्त आयोगद्धारा राज्य विशेष अनुदानमाथि विचार गर्नाले तथा सामान्य केन्द्रिय सहयोग, विशेष योजना सहयोग तथा अतिरिक्त केन्द्रिय सहयोग आदिलाई विच्छेदन गरिनाले देखा परेको हो।

राज्य सरकारले १४ औं वित्त आयोगलाई उनीहरूको सिक्किम भ्रमणको अवधिमा रू २०५११.९८ करोड़को मागको ज्ञापनपत्र चढ़ाएको थियो जसमा वर्ष २०१५-२० को पाँच वर्षको अवधिका निम्ति केवल रू १४८८४.३९ करोड़ मात्र प्रदान गरिएको थियो जुन रू. १७.०० करोड़को राज्य अंशसितै रहेको थियो।

१४ औं वित्त आयोगअन्तर्गत प्रतिकूल अधिनिर्णय हुदाँहुदै पनि हामी राजस्व लेखामा आधिक्य कायम गरिरहेका छौं। आर्थिक सुधार तथा बजेट प्रबन्धन अधिनियम, २०१० ले परिभाषित घाटा तथा ऋण लक्ष्यसित नियम आधारित वित्तीय प्रबन्धन उपलब्ध गराएको छ। विर्गत वर्षहरूमा जस्तै, वर्ष २०१६-१७ का निम्ति वित्तीय घाटाले बजेट आकलनमा तीन प्रतिशत कायम राख्ने अनुमान छ। हाम्रो लगनशील वित्तीय प्रबन्धनले ऋणलाई जीएसडीपी अनुपात तथा वित्तीय घाटालाई प्रबन्धन योग्य सीमाभित्र जीएसडीपी अनुपातमा राख्नमा सक्षम बनाएको छ। म यस ओजस्वी सदनलाई बताउन चाहन्छु कि अक्टोबर २०१५ को आवधिमा मुख्यमन्त्रीहरूको उपसमूहद्वारा केन्द्रिय प्रायोजित योजनाहरूको रिपोर्टलाई स्वीकार गरेको छ र अब केन्द्र प्रयोजित योजनाहरूलाई पुर्नगठित गरिने छ तथा घटाएर अधिक्तम ३० योजनामात्र गरिने छ। वृहतरूपमा, पूर्वोत्तर राज्यहरूका लागि मूल योजनाहरूको साझेदार पद्वति ९०:१० को अनुपातमा रहने छ तथा वैकल्पिक योजनाहरूका लागि यी योजनाहरूमा अधिक लचिलोपनसितै केन्द्र तथा राज्यबीच ८०:२० अनुपात रहनेछ।

**माननीय अध्यक्ष महोदय,**

एक क्रान्तिकारी कराधान उपाय, सामाग्री तथा सेवाकर (जीएसटी), चाड़ै नै देशभरि नै कार्यान्वयनका निम्ति प्रस्तावित छ जसले अधिकांश केन्द्रिय तथा राज्य अप्रत्यक्ष कुराहरूलाई प्रतिस्थापन गर्ने छ। जीएसटीलाई गंतव्य सिद्वान्तलाई पालन गर्दै केन्द्र तथा राज्य सरकारहरूद्वारा समवर्ती रूपमा लागू गरिने छ। एक एकल अप्रत्यक्ष करको रूपमा जीएसटीलाई समग्र देशलाई नै एउटा बजारको रूपमा मानेर सामाग्री तथा सेवाहरूमा लगाइने छ।

महोदय, सिक्किममको सन्दर्भमा, कुनै अन्य राज्यहरू जस्तै, हामी जीएसटीको कार्यान्वयनका कारण राजस्व प्रभावको मात्रालाई निर्धारित गर्नसक्ने अवस्थामा छैनौं। केन्द्र सरकारले राज्यहरूको राजस्वमाथि कुनै प्रतिकूल प्रभाव परेको खण्डमा राजस्व घाटालाई भरपाई गर्ने आश्वासन दिएको छ।

**माननीय अध्यक्ष महोदय,**

सिक्किममा ब्याङ्कहरूको ऋण जमा निरन्तररूपमा धेरै कम रहिआएको छ। ऋण जमा अनुपात दिसम्बर २०१५ को अन्तसम्मको राष्ट्रिय स्तरको ६५ प्रतिशतदेखि ७० प्रतिशतको तुलनामा ३२.५ प्रतिशत रहेको छ र यो एकदमै दुःखको कुरा हो कि बितेको वर्ष यसै अवधिमा यो अझ तल झरेर गएको थियो। गैर ब्याङकिङ वित्तिय संस्थानहरू तथा चिट फन्डहरूमा जनजागरूकता मार्फत सिक्किम जमाकर्ता अधिनियम २००९ को हित सुरक्षा कायन्वर्यन मार्फत जनाकर्ताहरूको हितलाई सुरक्षित राख्ने राज्य सरकाको सतत् प्रयास रहिआएको छ। राज्य सरकार जमाकर्ताहरूको हितलाई सुरक्षित गर्न सबै सम्भावित पदक्षेप चाल्न पूर्णरूपमा प्रतिवद्ध छ।

**माननीय अध्यक्ष महोदय,**

मानिसहरूको सपनालाई यथार्थमा रूपान्तरित गर्ने कम्रमा हामीले धेरै चुनौतीहरूलाई पार गर्नुपर्ने कुरा मलाई ज्ञात छ। प्राप्तिहरूको ठूलो भाग वेतन, पेन्सन तथा ऋण शोधनमाथिको ब्याज भुक्तानीमा खर्च हुन्छ। तथापि, यति हुदाहुदै पनि, म यस ओजस्वी सदनलाई यो बताउँदा प्रसन्नता व्यक्त गर्दछु कि हामीले मानिसहरूको हितका निम्ति गुणवत्ता पूर्वाधार निमार्ण गरेका छौं तथा सिक्किमलाई एउटा जीवन्त, प्रगतिशील तथा आधुनिक अर्थव्यवस्था भएको राज्यको रूपमा रूपान्तरित गर्ने हाम्रो कदमलाई कायम राख्दै मानिसहरूको हितका निम्ति गुणवत्ता पूर्वाधार तयार गरेका छौं। राज्य सरकारले हाल सञ्चालित सबै परियोजनाहरूलाई प्राथमिकताको आधारमा लिएर पूरा गर्ने निर्णय लिएको छ। केही असाधारण मामिलाहरूमा, जनताको हितमा पाइएमा केही नयाँ ँपरियोजनाहरू हातमा लिन सक्नेछौं। राज्य सरकारले नियमितरूपमा सबै विकासीय परियोजनाहरू तथा कार्यक्रमहरूबाट मानिसहरूलाई धेरैभन्दा धेरै लाभ पुगोस भन्ने चाहेको जानकारी दिंदा यो ओजस्वी सदन आनन्दित हुनेछ। यस अतिरिक्त, अब परियोजनाहरूको उचित अनुगमन तथा तीव्र मूल्याङकनका कार्यलाई सशर्त गरिनेछ। परियोजनासित

सम्बन्धित प्रत्येक व्यक्तिको उत्तरदायित्व निर्धारित गरेर हामीले व्यवस्थालाई पारदर्शी बनाउनु पर्ने हुन्छ। सरकारी तथा गैर सरकारी वित्त नियोजन दुवैको सन्दर्भमा यो सत्य छ।

निसन्देह, हामीले सम्पूर्ण तन्त्रलाई संस्थागत गर्नुपर्ने आवश्यक छ। यसो गर्ने उद्देश्यसितै, हामी नियोजन तथा विकास विभागमै परिचालन तथा आकलन अनुभाग स्थापित गरिरहेका छौं।

**माननीय अध्यक्ष महोदय,**

वित्तीय क्षेत्रमा भविष्यको कार्यको अंशको रूपमा, हामीले प्रधानमन्त्री जनधन योजना, अटल पेन्सन योजना, प्रधानमन्त्री सुरक्षा बीमा योजना तथा प्रधानमन्त्री मुद्रा योजना गरेर सबै चार योजनाहरूलाई कड़ाईका साथ लागू गरेका छौं। सिक्किममा ९८.४५ प्रतिशत परिवारहरूलाई अघिबाटै प्रधानमन्त्री जनधन योजना अन्तर्गत सामेल गरिसकिएको छ। वृद्ध भत्ता, महिला शसक्तिकरण अनुदान आदिअन्तर्गतका विभिन्न योजनाहरूको सबै नगद लेनदेनहरू लाभार्थीहरूको ब्याङ्क खाताहरूमा प्रत्यक्षरूपमा विभिन्न योजनाअन्तर्गत जमा गरिन्छ। राज्य सरकारले वर्कचार्ज तथा मस्टररोल कर्मचारीहरूको वेतनको भुक्तानीपनि आधार कार्डको सहयोगमा लाभार्थीहरूको ब्याङ्क खातामा सोझै जमा गर्नेपनि प्रस्तावित गरेको छ। वर्ष १९९४ मा, राज्यमा ब्याङ्क शाखाहरूको संख्या केवल ९८ थियो भने वर्तमानमा राज्यमा सबै चार जिल्लालाई समावेश गर्दै १३९ वटा ब्याङ्क शाखाहरू खोलिएका छन्। लाभार्थीहरूले आफ्नो घर दैलोमा प्रत्यक्ष नगद रकमान्तरको पूर्ण लाभ पाउन भनेर हामी दुर्गम स्थानहरूमा पनि अधिक शाखाहरू शुरू गरिरहेका छौं।

**माननीय अध्यक्ष महोदय,**

राज्यमा कानून तथा व्यवस्था अवस्थाको सधैं नै उत्कृष्ट रेकर्ड रहेको छ। पर्यावरण सुरक्षा, सैन्य तथा मानव सुरक्षाको सम्बन्धमा समावेशी सुरक्षालाई सुनिश्चित गर्न हामी सक्षम रहेको तथ्यमाथि राज्य सरकार गौरव

गर्दछ। हाम्रा पुलिस बलहरूले सधैं नै उच्च स्तरको सतर्कता प्रदर्शन गरेका छन् तथा कुनैपनि अवाञ्छित अवस्थालाई तीव्ररूपमा रोकथाम गर्नमा सबल रहेका छन्। राज्य सरकारले प्रत्येक जिल्लामा एक-एकवटा गरेर चारवटा पुलिस स्टेशनहरूको स्थापनालाई स्वीकृत गरेको छ जसलाई महिला पुलिस कर्मीहरूले सम्पूर्णरूपमा सञ्चालन गर्नेछन्। सरकारको मातहतमा अग्निशमन तथा बचाउ सेवाहरूको आधुनिकिकरणले धेरै महत्व पाएको छ। हामी बचाऊ कार्यहरूलाई असल ढङ्गमा सञ्चालित गर्न नयाँ वाटर टेण्डर, तीव्र अनुक्रिया वाहन, मोटर साइकलहरू तथा अत्याधुनिक उपकरणहरू सामेल गर्दैछौं।

**माननीय अध्यक्ष महोदय,**

भौगोलिकरूपमा दोस्रो सबैभन्दा सानो आकारको राज्य भएतापनि, सिक्किमको सकल राज्य घरेलु उत्पाद (जीएसडीपी) २००४-०५ तथा २०१४-१५ को बीचमा एक उच्च वार्षिक चक्रवृद्धि दरमा बढ़ेर गयो। पाटा हानेर धानको खेतीमाथि आधारित तथा मकै, कोदो, ठूलो अलैंची, फापर, दाल, मसला, अन्न, सुन्तला, चिया आदिजस्ता फसलहरूको खेतीमाथि राज्यको अर्थतन्त्र निर्भर छ। उत्पादक खेतीअन्तर्गत राज्यको केवल ११ प्रतिशत भूमीमात्र असल उत्पादक रहेकोले गर्दा वैज्ञानिक तथा तक्नीकि निवेशद्वारा जैविक उत्पादनमा वृद्धिमाथि जोरलाई हाम्रो विकासीय रणनीतिको आधारको रूपमा रेखाङकित गरिनेछ।

राज्यको ७६,३९२ हेक्टेयर खेती क्षेत्रलाई पूर्ण जैविक प्रमाणीकृत गरिएको छ। बहुसंख्यक कृषकहरू साना तथा मझौले छन् तथा यस कृषि समुदायलाई अधिकतम लाभ उपलब्ध गराउन हाम्रो विकासीय रणनीतिलाई पुनर्गठित गर्नु आवश्यक छ।

यस उद्देश्यलाई ध्यानमा राखेर राज्य सरकारले अन्य धेरै योजनाहरूसितै सोयल हेल्थ कार्ड योजना, परम्परागत कृषि विकास योजना,

प्रधानमन्त्री कृषि सिँचाई योजनालाई आफ्नो ध्वजवाहक कार्यक्रमको रूपमा अधिक गति प्रदान गरिरहेको छ। यी अधिकांश योजनाहरूले साना तथा मझौले कृषकहरूको समूहमाथि ध्यान केन्द्रित गर्नेछन् तथा कृषि क्षेत्रमा नवीनतम पद्वति तथा आधुनिक कृषिको समग्र पक्षहरूमार्फत कृषि समुदायलाई शसक्त गर्ने लक्ष्यलाई कार्यान्वयन गर्नेछन्। यी सबै योजनाहरू सम्बन्धित विभागीय अधिकारी, स्थलगत कर्मी, पञ्चायतगण, स्वंय सहायता समूहहरू, गैर सरकारी सङ्गठनहरू, समुदाय आधारित सङगठनहरू तथा अन्य प्रमुख हितधारकहरूसितको परामर्शमा कार्यान्वयन गरिनेछ जसद्वारा उनीहरू यी योजनाहरूद्वारा प्रदान गरिइने सुविधाहरूको लाभ लिन सक्षम बनुन। सोयल हेल्थ कार्ड योजनाको सन्दर्भमा भन्नुपर्दा ७,४४४ मिश्रित नमूनाको लक्ष्य लिएर तीन वर्षको परियोजना राज्यका सबै कृषकहरूलाई समावेश गरेर पनि एकै वर्षमा पूरा गर्ने सिक्किम देशकै पहिलो राज्य हुनेछ। यस योजनालाई शुरू गर्ने राज्य सरकारको प्रयासको सबै मञ्चहरूमा सराहना भइरहेको छ।

यद्यपि, जैविक खेतीलाई चयन गर्ने निर्णयको आफ्नै मूर्त तथा अमूर्त लाभ भएतापनि, यसका चुनौतीहरू धेरै कठिन हुन्छन् अनि एक नयाँ उपक्रम भएको कारण, परम्परागत मानिसहरूका लागि उचित जैव विकल्पहरू खोज्नु जहिलेपनि एउटा ठूलो चुनौती नै हुँदछ। यसैलाई हेरेर, सरकार स्थानीय सूक्ष्म जीवहरूको स्थानीय उपभेदहरूलाई उपयोग गर्दै उनीहरूको प्रभावकारितालाई वृद्धि गर्न राज्यभित्र जैव उर्वरक संयन्त्रहरूको स्थापनाको प्रक्रियामा छ।

सरकार ती योजनाहरूमाथि पनि ध्यान केन्द्रित गरिरहेको छ जसले कृषि व्यवसायलाई अधिक लाभकारी बनाउनेछन् तथा प्रभावी उत्पादनअन्तर्गतका क्षेत्रहरूमा वृद्धि गर्दै राज्यका युवा पुस्तालाई जीविकोपार्जनको एउटा क्षमतावान स्रोतको रूपमा कृषि पेशालाई अँगाल्न प्रोत्साहित गर्ने दिशामा केन्द्रित रहेको छ।

**माननीय अध्यक्ष महोदय,**

राज्य सरकार आवश्यक पूर्वाधारहरू उपलब्ध गराएर घरेलु कृषकहरूलाई नियमित रूपमा दूध, मासु, माछा तथा अण्डाको उत्पादनमा सहयोग पुऱ्याइरहेको छ। राज्यका सबै २१ समुदायहरूको पशुधनको उत्पादकतामा सुधार, रोगहरूको रोकथाम तथा आरोग्य स्वास्थ्य हेरचाह सुविधाहरू, पर्याप्त प्रशिक्षण कार्यक्रमहरूमार्फत आधुनिक तथा वैज्ञानिक ढङ्गमा पशुपालन गतिविधिहरूमार्फत कृषकहरूको कौशलता विकासमार्फत सुनिश्चित गरिएको छ। यस क्षेत्रले पशुधनमार्फत स्वरोजगार उपलब्ध गराउँदछ जसका लागि राज्यका शिक्षित बेरोजगार युवाहरू, कृषकहरू तथा स्वंय सहायता समूहहरूलाई पशुधन क्षेत्रका विभिन्न स्तरहरूमा क्षमता विकास कार्यक्रमअन्तर्गत प्रशिक्षण प्रदान गरिंइदैछ। हाल सरकारले चालू पशुधन पद्वतिलाई जैविक पशुधनमा रूपान्तरित गर्न प्रमुख पहलहरू गर्ने योजना बनाइरहेको छ। राज्य सरकारले स्थानीय कमजोर अनुवांशिक उत्पादक पशुधनलाई कृत्रिम गर्भाधान तथा अन्य प्रजनन अभ्यासमार्फत असल अनुवांशिक वृद्धि गर्ने कार्यलाई पनि अघि बढ़ाएको छ।

पूर्वोत्तर परिषदको सहयोग लिएर, दुईवटा महत्वपूर्ण पूर्वाधारहरू, क्रमैले, पूर्व सिक्किमको सोकेथाङमा प्रशिक्षण केन्द्र तथा कृषक छात्रावास तथा दक्षिण सिक्किमको बुमटारमा जिल्ला पशु चिकित्सा पोली क्लिनिक निर्माणाधीन छन्। उपभोक्ताहरूलाई रोगमुक्त मासु उपलब्ध गराउन, राज्य सरकार माझीटार, मल्ली तथा गेजिङमा आधुनिक पशु वधशाला स्थापनाको प्रक्रियामा छ।

मत्स्यपालन निदेशालयले ग्रामीणहरूको सामाजिक-आर्थिक स्थितिलाई उँभो उठाउन मत्स्यपालन क्षेत्रको दिगो विकासलाई प्रोत्साहित गर्ने दिशामा सीमित क्षेत्र पोखरी बनाउन छूट दरमा लाभार्थी योजनामार्फत सहयोगलाई बढ़ावा दिइरहेछ। ट्राउट माछा पालनका निम्ति

सिक्किमको चिसोपानी स्रोतहरू धेरै अनुकूल छन्। हामी वित्तीय तथा तक्नीकि सहयोगद्वारा हाम्रा माछा पालकहरूबीच ट्राउट पालनलाई लोकप्रिय बनाइरहेका छौं। सरकारले यस क्षेत्रलाई आगामी वर्षहरूमा अतिरिक्त गति प्रदान गर्ने प्रस्तावित गरेको छ।

म अति प्रसन्नताका घोषणा गर्नछु कि सरकारले हाम्रा कृषकहरूलाई २०१६-१७ को अवधिमा दुधालु गाईहरू वितरण गर्ने योजना लिएको छ जसका निम्ति यस वित्तीय वर्षमा रू. २ करोड आवण्टन गर्दा मलाई खुशी लागेको छ।

**माननीय अध्यक्ष महोदय,**

राज्य सरकारले ग्रामीण नागरिकहरूको जीवन स्तरमाथि विशेष महत्व दिंदछ। यसैले, विकासीय प्रारूपहरू जस्तै स्तरीय ग्रामीण पूर्वाधार निर्माण, जलापूर्ति, ग्रामीण सम्पर्क सड़कहरू, झोलुङ्गे पुलहरू, बिजुली तथा अन्य सुविधाहरूजस्ता न्यूनतम आधारभूत सेवाहरूको परिकल्पना मानिसहरूको कल्याणलाई मध्यनजर गरेर तयार गरिँदैछ। बितेका दुई दशकहरूमा, राज्य सरकारले उदाहरणीय नेतृत्व, असल प्रशासन तथा नवोन्मेषी नीतिहरू प्रदर्शित गर्दै कार्यक्रम तथा परियोजनाहरूको प्रभावी कार्यान्वयन गेरको छ। स्वच्छता तथा आवाससित सम्बन्धित नियमित योजनाहरूलाई परिपूर्ण पद्वति अप्नाएर मिशन मोडमा रूपान्तरित गरिएको छ। वर्ष २००८ मा सय प्रतिशत स्वच्छता हासिल गरेर सिक्किम देशमै पहिलो तथा एकमात्र निर्मल राज्य बनेको छ। सबै विकासीय कार्यहरूमा स्वच्छतालाई शीर्ष प्राथमिकता दिएको छ तथा यस क्षेत्रमा जिल्ला, खण्ड तथा ग्राम स्तरमा महत्व दिइएको छ। राज्य स्वच्छ भारत अभियानलाई योगदान पुऱ्याउने दिशामा काम गरिरहेको छ। हामीले सरकारी सहुलियत प्राप्त गर्न प्रत्येक परिवारलाई एउटा शौचालय हुनुपर्ने अनिवार्य गरेको छ।

सरकार गरीबहरूको कल्याणका निम्ति समर्पित छ तथा अन्य सुविधाहरू उपलब्ध गराउन बाहेक, गरीबी रेखा मुनी बसोबास गरिरहेका मानिसहरू, जो कच्चा घरहरूमा बस्दछन, उनीहरूलाई मुख्यमन्त्री ग्रामीण आवास योजनाअन्तर्गत स्तरीय आवासका निम्ति वित्तीय सहयोग प्रदान गरिरहेको छ। यस योजनाअन्तर्गत पहिलो चरणमा कच्चा घरहरूमा बस्ने ६,००० परिवारहरूले जनवरी २०११ को सर्वेक्षण अनुसार एकतले भूइचालो रोधी पक्का घर प्राप्त गर्नेछन्। सोही प्रकारले, मुख्यमन्त्री ग्रामीण आवास योजना चरण-२ अन्तर्गत राज्य सरकारले रहल आवासहरूको निर्माण कार्यलाई अघि बढ़ाउनेछ तथा २०१८ बाट निर्माण कार्य पूरा गरेर कच्चा घर मुक्त तथा सबैका निम्ति आवासको उपलब्धी हासिल गर्नेछ। यस वित्तीय वर्षमा सोही कार्यका निम्ति रू. ३५ करोड आवण्टनको घोषणा गर्दा म हर्षित छु।

पीएमजीएसवाई अन्तर्गत ९०:१० अनुपातको संसोधित वित्त पोषण पद्वतिमा भारत सरकारको नीतिअनुरूप ग्रामीण सम्पर्क राज्य सरकारको प्राथमिकता रहिआएको छ। राज्यले ग्रामीण सड़कहरूको निर्माणमा तीव्र प्रगति दर्शाएको छ। कुल अनुमोदित १४१५.७८ किमि ग्रामीण सम्पर्क सड़कको चरण १ (नयाँ कटिङ)  मध्ये, ३१ दिसम्बर २०१५ सम्ममा १२०९.०५ किमि निर्माण कार्य पूरा भएको छ तथा अधिकांश सड़क निर्माण कार्य मार्च २०१६ भित्रमा पूरा हुनेछ। चरण-२ अन्तर्गत अनुमोदित कुल ८३२.३३ किमि सड़क कालोपत्र गर्ने कार्यमध्ये २१८.४७ किमि पूरा भएको छ तथा रहल ६१३.८६ किमि २०१६-१७ मा पूरा हुने प्रस्तावित छ। यस अतिरिक्त, छुटेका स्थानहरूका लागि नयाँ सर्वेक्षण गरिएको छ तथा ३८९.५५ किमिको लागि डीपीआर तयारीपनि गरिसकिएको छ।

ग्रामीण सड़कहरूको निर्माण कार्य विभिन्न चरणहरूमा समय समयमा केन्द्र सरकारसितको समाप्ति योजनाको आधारमा भइरहन्छ। भारी मानसुनसितै हाम्रो जस्तो कम्जोर भौतिक अवस्थिति भएको पहाडी राज्यमा पनि राज्य सरकारले सडक निर्माण कार्य शीघ्र पूरा गर्न यथासम्भव कार्य गरिरहेछ।

एमजीएनआरईजीए अन्तर्गत, ६५,००० परिवारहरूलाई रोजगार तथा ७० दिनको औसत ज्याला रोजगार उपलब्ध गराउने लक्ष्य राखिएको छ। यस निवेशको एउटा उल्लेखनीय भागलाई मुख्यमन्त्री ग्रामीण आवास योजना तथा बागवाणी एवं कृषि विभागसित संयुक्तरूपमा बागवानी, बाँस तथा औषधीय वनस्पतिहरूको रोपण, जल भण्डारण ट्याङ्कीहरू, पानीका पोखरीहरू तथा कृतिम पोखरीहरूको निर्माण तथा पशुपालन एवं पशुधन सेवा विभागअन्तर्गत गाईका गोठहरूको निर्माण कार्यमा सम्मिलितरूपमा प्रयोगमा ल्याइनेछ।

सिक्किमको पहिचान देशमा पञ्चायतीराज संस्थानहरूको विकास तथा मजबूतीको दिशामा उत्कृष्ट प्रदर्शन गर्ने राज्यको रूपमा बनेको छ तथा राज्यले वर्ष २०१५ मा पञ्चायतीराज संस्थानहरूलाई क्षमता कोष तथा कार्य विकेन्द्रिकरण लगायतका विभिन्न वर्गमा ५ वटा राष्ट्रिय पुरस्कार प्राप्त गरिसकेको छ।

**माननीय अध्यक्ष महोदय,**

बितेका दुई दशकहरूमा सिक्किमले स्वास्थ्य क्षेत्रमा आश्चर्यजनक प्रगति गरेको छ। राज्य सरकार राज्यका सबै मानिसहरूलाई सुलभ, स्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनमा सदैव समर्पित छ।

सिक्किमलाई एक स्वास्थ्य तथा रोगमुक्त राज्य बनाउने उद्देश्यसितै राज्य सरकारले राज्यमा धेरैबटा ध्वजवाहक कार्यक्रमहरू आरम्भ गरेको छ। सामुदायिक परिचालन तथा सहभागितामार्फत आफ्ना सबै नागरिकहरूलाई वार्ड स्तरमा मुख्यमन्त्री वार्षिक तथा समग्र स्वास्थ्य जाँच (क्याच) कार्यक्रम कार्यान्वयन भइरहेको छ।

यसका साथै, राज्य सरकारले सिक्किमका मानिसहरूलाई राज्यभित्र तथा बाहिर निःशुल्क उपचारद्वारा लाभावन्तित गर्दछ। बीपीएल वर्गअन्तर्गत

पर्ने बिरामीहरूका लागि, १०० प्रतिशत चिकित्सा सहयोग प्रदान गरिन्छ। एपीएल वर्गमा पर्ने बिरामीहरूलाई उपचारको समयमा रू. २.०० लाख सम्मको वित्तीय सहयोग प्रदान गरिन्छ।

आफ्ना सबै नागरिकहरूलाई असल तथा विशिष्ट स्वास्थ्य देखभाल सेवा उपलब्ध गराउन, सोकेथाङ, गान्तोकमा एउटा बहुविशेषतायुक्त अस्पतालको निर्माण कार्य चलिरहेको छ। १००० पलङ क्षमताधारी अस्पतालमा बढ़ोत्तरी गर्ने प्रावधानसहित ५७५ पलङयुक्त अस्पताल निर्माण परियोजना लगभग पूरा भइसकेको छ। यसको निर्माण कार्य एकपल्ट पूरा भइसकेपछि, यसले सिक्किमका मानिसहरूलाई असल तथा विशिष्ट सेवा सुविधा उपलब्ध गराउनेछ तथा चिकित्सक, नर्सहरू तथा चिकित्सा सहायकहरूका निम्ति असल कार्य अवस्था पनि उपलब्ध गराउनेछ। यस अतिरिक्त, एसटीएनएम अस्पतालमा एउटा पाँच पलङ्गयुक्त डाइलेसिस युनिटपनि शुरू गरिएको छ र यो मृगौलाका रोगीहरू र विशेष गरी बीपीएल वर्गसित सम्बन्धित बिरामीहरूका निम्ति एकदमै लाभदायक प्रमाणित भइरहेको छ। यी योजनाहरूको सफल कार्यान्वियनले प्रति एक हजार २२ शिशु जन्मको शिशु मृत्यु दर (एमएमआर) जस्तो जटिल माइलखुट्टीहरू हासिल गर्न, राज्यमा कुष्ठरोग निवारण तथा क्षयरोग तथा आयोडिनको कमीको भारलाई कम गर्नमा सहयोग पुर्‍याएका छन्। स्वास्थ्य सूचकाङ्कहरूले परिलक्षित गरेअनुसार, राज्यले बितेका २२ वर्षहरूमा उल्लेखनीय उपलब्धिहरू हासिल गरेको छ जसको उदाहरणस्वरूपः वर्ष १९९४ को २४.६ को तुलनामा वर्ष २०१३ मा प्रति १००० जनसंख्या जन्म दर घटेर १७.१ बनेकोलाई लिन सकिन्छ (एसआरएस)। प्रति १००० जनसंख्या प्राकृतिक मृत्यु दर पनि १९९४ को ६.९ देखि घटेर २०१३ मा ५.२ बनेको छ (एसआरएस), वर्ष १९९४ को प्रति १००० शिशु जन्म दर ४६ शिशु मृत्यु दर (आईएमआर) पनि वर्ष २०१३ मा घटेर २२ भएको छ (एसआरएस)। राज्य प्रतिवेदनअनुसार, १९९८-९९ को ४८ प्रतिशत पूर्ण टीकाकरण प्रतिशत

पनि २०१५-१६ मा ९३ प्रतिशतभन्दा अधिक पुगेको छ तथा १९९८-९९ को ३२ प्रतिशत संस्थागत प्रसव दरपनि हालमा बढ़ेर ९८ प्रतिशत पुगेको छ (राज्य प्रतिवेदन)।

यी उपलब्धिहरू राज्यमा कायम असल प्रशासन, शान्ति तथा सौहार्दताका परिणाम हुन् तथा सरकारद्वारा राज्यमा स्वास्थ्य क्षेत्रमा विशेष प्राथमिकता दिएका कारण हासिल भएका हुन।

**माननीय अध्यक्ष महोदय,**

राज्य सरकार राज्यका बेरोजगार युवाहरूलाई रोजगार उपलब्ध गराउन तथा मिशन मोडमा सही कौशलतामार्फत उनीहरूको रोजगारको योग्यतालाई बढ़ाउन प्रतिबद्ध छ। एवं प्रकारले, वर्ष २००३ मा, हामीले कौशलता विकास कोष शुरू गरेका छौं र त्यसपछि हामीले विभिन्न पदक्षेपहरू लिएका छौं। हामीले विभिन्न विषयमा प्रशिक्षण प्रदान गर्न कर्फेक्टारमा एउटा पृथक क्षमता विकास निर्देशालय तथा राज्य क्षमता विकास संस्थानको स्थापना गर्नसितै धेरैवटा जीविकोपार्जन विद्यालयहरूको स्थापित गरेका छौं। सरकारका कौशलता विकास पहलहरूले प्रशंसनीय सफलता प्राप्त गरेको छ।

हालमा, राज्य सरकारले दक्षता विकास तथा उद्यमशीलता विभाग नामाकरण गरेर एउटा नयाँ विभागको सिर्जना गरेको छ। यस नयाँ विभागअन्तर्गत हस्तकलाकर्मी प्रशिक्षण एवं रोजगार योजना निर्देशालय (औद्योगिक प्रशिक्षण संस्थानहरू (आईटीआई), क्षमता विकास, राज्य क्षमता विकास संस्थान, जीविकोपार्जन विद्यालयहरूलाई ल्यााइएको छ। २१ दिसम्बर, २०१५ मा सोकेथाङ, गान्तोकको श्रम भवन परिसरमा परिधान प्रशिक्षण एवं सजावट केन्द्र (एटीडीसी),एउटा आतिथ्य प्रशिक्षण संस्थान तथा एउटा राज्य मोडल करियर परामर्श केन्द्रको स्थापना गरिएको छ। हामी दक्षिण सिक्किम

क्यूजिङमा एउटा नयाँ औद्योगिक प्रशिक्षण संस्थानको स्थापना गरिरहेका छौं तथा आईटीआई, रम्फू परिसरमा पनि एउटा फार्मा प्रशिक्षण केन्द्रको स्थापना गरिरहेका छौं।

भारत सरकारद्वारा भर्खरै शुरू गरिएको योजनाअन्तर्गत, सिक्किम सरकारले विभिन्न स्थानहरूमा वृहत स्तरमा युवाहरूको कौशल विकासका लागि पीपीपी पद्धतिमा ४ वटा नयाँ आईटीआई स्थापनालाई स्वीकृत गरेको छ जसमध्ये पाकिममा एउटा तथा सोकेथाङमा एउटा गरेर दुईवटा स्थानहरूलाई हालसम्म चिन्हित गरिएको छ। सरकारको नाम्चीमा आईटीआईलाई बढ़ोत्तरी गर्ने योजनासितै मोडल आईटीआईको रूपमा जोरथाङमा एउटा तथा गेजिङमा एउटा गरेर अझ दुईवटा स्टेट मोडल परामर्श केन्द्रहरूको स्थापना गर्ने योजना रहेको छ।

**माननीय अध्यक्ष महोदय,**

पर्यटनलाई आर्थिक वृद्धिको उपकरणको रूपमा क्षेत्रको अकूत सामाजिक-आर्थिक रूपान्तरण गर्नमा सक्षम मानिएको छ। १९९४ देखि यता सिक्किमले पर्यटन क्षेत्रमा प्रभावी विकास दर्ता गरेको छ तथा अहिले यो राज्य भरिकै सबैभन्दा महत्वपूर्ण नागरिक उद्योग बनेको छ। राज्य सरकारको जागरूक पर्यटन दृष्टिका कारण १९९० को मध्यतिर तथा त्यसपछि क्षेत्रमा व्याप्त शान्ति एवं सौहार्दताका कारण सही अर्थमा राज्यमा पर्यटन क्षेत्रले गति लिन थालेको हो। भविष्यको सिक्किमलाई परिकल्पना गरेर उत्तरदायी भ्रमणको ब्राण्डअन्तर्गत सिक्किमलाई 'एक सर्वोत्तम पर्या-पर्यटन गन्तव्य' बनाउने उद्देश्यलाई संवेदनशीलताका साथ विस्तारित गरिँइदैछ। अनुकूल पर्यावरणीय हेरचाहका साथ पर्यटन सम्बन्धित गतिविधिहरूको विनियोजन गरेर पर्या पर्यटनलाई बढ़ावा दिइँदैछ जसलाई संरक्षण तथा सन्तुलनका सिद्धान्तहरूले दिशानिर्देशन गर्दछन्। अवस्थिति स्तरहरूमा तीक्ष्ण विविधताले राज्यमा प्राकृतिकरूपमा अथाह सम्वृद्ध जैव विविधता उपलब्ध

गराउँदछ। पर्यटनलाई सम्पूर्ण राज्यमा आय तथा रोजगारको एक प्रमुख स्रोतको रूपमा तयार गर्ने सरकारको विचार रहेको छ। सेवा उद्योग खण्डमा पर्यटनले रोजगार उत्पादन मात्रै गर्दैन तर प्राथमिक तथा द्वितीयक क्षेत्रमा पनि प्रोत्साहित गर्ने स्पष्ट छ।

राज्य सरकारले सिक्किममा दिगो पर्यटनलाई बढ़ावा दिने आफ्नो दृष्टिकोणअनुरूप सार्वजनिक-नीजि साझेदारीमा सहयोगी वातावरण बनाउन लगातारसरूपमा प्रयास गरिरहेको छ। यसको उद्देश्य भ्रमणकारीहरूका लागि मैत्रीपूर्ण वातावरण तयार गर्नु, मानव संसाधन तयार गर्न तथा सरकार, स्थानीय प्रशासन, स्थानीय मानिसहरू, मिडिया, निजी विकासकहरू, सुविधा सञ्चालकहरू, पर्यटकहरू तथा एनजीओहरूबीच गतिशील सहक्रियाको वातावरण तयार गर्नु हो। प्रतिकूल सामाजिक, आर्थिक तथा पर्यावरणीय प्रभावहरूलाई न्यून गर्न उत्तरदायी पर्यटनको सिद्धान्तमा अड़िग रहनेमाथि पनि जोर दिइन्छ। बितेका दुई दशकहरूमा, राज्यमा पर्यटक आगमनमा १००० प्रतिशतभन्दा अधिक वृद्धि भएको छ र यो वृद्धि कतिपय चालू परियोजनाहरू तथा सुविधाहरूको कार्य पूरा भएपछि अझ तीव्र बनेर जाने सम्भावना छ। २०१७ को मध्यतिर पाकिममा हवाई अड्डाको निर्माण कार्य पूरा भएपछि हवाई सम्पर्कको मुद्दापनि चाँडै सम्बोधन हुन्छ।

पर्यटन सम्भावना भएका चयनित स्थानहरूमा पर्यटन पूर्वाधारहरू तयार गर्नुमात्र पर्यटन विभागको भूमिका नरहेर विभागले दक्षता विकास गतिविधिहरू तथा सचेतना कार्यक्रमहरू पनि नियमित अन्तरालमा सञ्चालित भइरहेका छन्। विभिन्न स्तरहरूमा पर्यटन आधारित गतिविधिहरूलाई प्रभावी ढङ्गमा परिचालन तथा विस्तार गर्न ग्राम, महकुमा तथा जिल्ला स्तरहरूमा पर्यटन समितिहरू गठन गरिएका छन्। ग्रामीण समुदायहरूलाई प्रत्यक्ष पर्यटन लाभहरू पुगोस भनेर सरकारले ग्रामीण पर्यटनलाई उच्च प्राथमिकता दिएको छ। होम स्टे ग्रामीण पर्यटनको एउटा महत्वपूर्ण तत्व हो

अनि लक्षित ७२० होम स्टेहरू मध्ये लगभग ६६० होम स्टेहरू सञ्चालित छन्। सिक्किमलाई 'पूर्ण जैविक राज्य' घोषणासित राज्यको समग्र पर्यटन अर्थतन्त्रलाई वृद्धि गर्ने लक्ष्य रहेको छ। वर्तमानमा, राज्यमा धेरै पर्यटन ध्वजवाहक परियोजनाहरू सञ्चालन तथा प्रक्रियामा रहेका छन्।

हाम्रो भविष्यको योजना श्रेष्ठ पर्यटन उत्पाद तयार गरेर उच्च कोटीका पर्यटकहरूलाई राज्यप्रति आकृष्ट गराउनु हो जुन सिक्किमको एउटा अद्वितीय ब्राण्ड हुनेछ जसमा जातिय सांस्कृतिक केन्द्र, लोक आरोग्य केन्द्र, शहीद ग्राम, सिटी सेन्टर, गोल्फ कोर्स, आकाश यात्रा आदि समावेश रहनेछन्। यस्ता वृहत परियोजनाहरूलाई या त पीपीपी पद्वतिमार्फत वा बाह्य सहायता योजना अन्तर्गत निष्पादित गर्ने प्रयासहरूलाई पत्तो लगाउने कार्य भइरहेको छ।

अन्तराष्ट्रिय भ्रमणकारीहरूलाई विशेषरूपमा लक्षित गरेर सिक्किमका दुर्गम क्षेत्रहरूका लागि द्रुत गतिमा पर्मिटलाई सुव्यवस्थित गरेर सुगम इनर लाइन/प्रतिबन्धित क्षेत्र पर्मिट जारी गरिँइदैछ। 'हरित' तथा 'स्वच्छ' अभियानहरू सिक्किमका विभिन्न भागहरूमा नियमितरूपमा आयोजन हुने कार्यक्रम हुन्। सिक्किमको अद्वितीय सांस्कृतिक तथा पारम्परिक लोक आचारहरूलाई दर्शाउन भव्यरूपमा मेला र उत्सवहरू आयोजित भइरहेका छन्।

**माननीय अध्यक्ष महोदय,**

राज्य सरकारले राज्य बजेटको २० प्रतिशत बराबरको धनराशि मानव संसाधन विकास क्षेत्रका लागि छुट्याएर यस क्षेत्रलाई उच्च प्राथमिकता दिएको छ। मानव संसाधनको विकास राज्य विकासका निम्ति महत्वपूर्ण हो भन्ने कुरामा म दृढ़तापूर्वक विश्वास गर्दछु तथा सिक्किमलाई आफ्नो विकासीय प्रक्षेप पथको आगामी चरणमा लैजानमा राज्यलाई सबै क्षेत्रहरूमा सक्षम तथा जिम्मेदार श्रम शक्तिको आवश्यकता हुनेछ।

यस ओजस्वी सदनलाई खुशीका साथ यो सूचित गर्न चाहन्छु कि हामीले चालू शैक्षणिक सत्रको शुरुआतसितै राज्यमा सबै ७६३ सरकारी स्कूलका प्राथमिक अनुभागमा योग कक्षाहरू शुरू गरिसकेका छौं। यसका निम्ति तयार गर्नका लागि हामीले ६०० प्राथमिक तथा पूर्व प्राथमिक शिक्षकहरूलाई आदरणीय आचार्य श्री रामदेवजी द्वारा १५ दिनको सघन आवासीय योग प्रशिक्षणका निम्ति पतञ्जली योगपीठ, हरिद्वारमा एक चार्टर्ड ट्रेनमा पठाउने एउटा महत्वाकांक्षी कदम उठायौं। यसो गर्नाले, हाम्रा भविष्यका पीढ़ीहरूको शारीरिक, मानसिक तथा आध्यात्मिक स्वास्थ्यलाई सुधार गर्ने दिशामा यस्तो दूरदृष्टि तथा नवीन पहल गर्ने सिक्किम सम्पूर्ण देशमैं पहिलो राज्य बन्नपुगेको घोषित गर्नमा पनि म प्रसन्नता व्यक्त गर्दछु। यस ओजस्वी सदनलाई म यो पनि खुशीसाथ सूचित गर्न चहान्छु कि चालू शैक्षणिक सत्रदेखि, हामीले हाम्रा सरकारी स्कूलहरूमा एलकेजी तथा यूकेजी कक्षाहरू शुरू गरेका छौं।अन्य शब्दहरूमा भन्नुपर्दा, हामीले हाम्रा स्कूलहरूमा ६ वर्षको सट्टामा ४ वर्षको उमेरदेखि भर्ना गर्न शुरू गरेका छौं। हामीले यी जुनियर कक्षाहरूका लागि शिशु मैत्री कक्षाहरू तथा हाम्रा साना नानीहरूलाई रङ्गीन युनिफर्म उपलब्ध गराउने कदमहरू उठाएका छौं। यस कदमले प्राथमिक स्तरमा भर्नामा गिरावटलाई रोक्नमा यस कदमले हामीलाई सहयोग गर्नेछ भन्ने आशा राखिएको छ। राज्य सरकारले सिक्किममा भाषिक विविधतालाई धेरैभन्दा धेरै बढ़ावा दिन तथा संरक्षण गर्न फरवरी २०१५ मा नेपाली भाषामा स्नातक शिक्षकहरूको नियुक्तिका लागि पनि कदम उठाएको छ।

**माननीय अध्यक्ष महोदय,**

सय प्रतिशत जैविक राज्यको लक्ष्यलाई हासिल गरिसकेपछि, हामीले मुख्यमन्त्री साक्षरता अभियानअन्तर्गत सिक्किमलाई १ जनवरी २०१९ बाट सय प्रतिशत साक्षर राज्य बनाउने निर्णय लिएका छौं।

हामी हाम्रा शिक्षकहरूलाई केवल एक सरकारी कर्मचारीमात्र होईन तर सही अर्थमा गुरूको रूपमा रूपान्तरणलाई सुनिश्चित गर्नमा विशेष ध्यान दिइरहेका छौं। यस प्रयोजनका निम्ति, हामीले हाम्रा शिक्षकहरूलाई प्रेरित गर्नका लागि, उनीहरूलाई अङ्ग्रेजी भाषा तथा विज्ञान अनि गणितको क्षेत्रमा आफ्नो दक्षता बढ़ाउन प्रशिक्षण दिनका निम्ति, एउटा महत्वाकांक्षी कार्यक्रम शुरू गरेका छौं। म यस ओजस्वी सदनलाई यो कुरा साझा गर्नमा प्रसन्नता अनुभव गर्दछु कि हामीले हाम्रा स्कूलहरूमा ७२ वटा कक्षाहरूमा स्मार्ट इन्टरएक्टिभ बोर्डहरू जड़ान गरेका छौं जसलाई आगामी वर्षमा लगभग २०० कक्षाहरूमा विस्तार गरिनेछ। यी स्मार्ट एन्टरएक्टिभ बोर्डहरू तक्नीकिको सन्दर्भमा विश्वमैं उत्कृष्ट हुन् र हाम्रा शिक्षकहरूलाई यी बोर्डहरूको प्रबन्धनका निम्ति पर्याप्तरूपमा प्रशिक्षित गरिएको छ।

आउने वर्षको अवधिमा, हाम्रा सबै स्कूलहरूलाई अत्याधुनिक कम्प्यूटर हार्डवेयर तथा इन्टरनेट कनेक्शनद्वारा सुसज्जित गरिनेछ। स्वच्छ भारत अभियानका उद्देश्यहरूलाई ध्यानमा राख्दै, सबै सरकारी स्कूलहरूमा हाल किशोर तथा किशोरी विद्यार्थीहरूका निम्ति पृथक शौचालयहरू उपलब्ध गराइएको छ। सर्व शिक्षा अभियान तथा राष्ट्रिय माध्यमिक शिक्षा अभियानअन्तर्गत हामी पुस्तक मेलाहरू, भ्रमण, विज्ञान मेलाहरू लगायतका विभिन्न उपायहरूको माध्यमद्वारा गुणवत्ता शिक्षण तथा अध्ययनमा सुधार गर्नेमाथि ध्यान केन्द्रित गरिरहेका छौं। यस अतिरिक्त, पहिलोपल्ट, हाम्रा ६४ वरिष्ठ माध्यमिक विद्यालयमध्ये १० विद्यालयहरूलाई चाँडै उनीहरूको कठोर गुणवत्ता मानकहरूलाई पालन गरेर भारतीय गुणवत्ता परिषद अन्तर्गत मान्यता प्राप्त हुनेछ।

**माननीय अध्यक्ष महोदय,**

सिक्किममात्र देशको एउटा यस्तो राज्य हो जसले सबैलाई महाविद्यालय स्तरसम्म निःशुल्क शिक्षासितै युनिफर्म, पाठ्य पुस्तक तथा

खाताहरू उपलब्ध गराइरहेको छ। यस अतिरिक्त, बीपीएल वर्गमा पर्ने विद्यार्थीहरूका लागि विश्वविद्यालय स्तरसम्म शिक्षा निःशुल्क गरिएको छ। हाम्रो उच्च शिक्षा क्षेत्रमा गुणात्मक सुधार ल्याउनका लागि, हाम्रो राज्य मानव संसाधन विकास मन्त्रालयको राष्ट्रिय उच्चतर शिक्षा अभियान (आरएमएसए) मा सम्मिलित बनेको छ। यस कार्यक्रमले हामीलाई हाम्रा सरकारी महाविद्यालयहरूको पूर्वाधारमा सुधार ल्याउनमा सहयोग गर्नसाथै यी संस्थानहरूमा हुने शिक्षण तथा अध्ययनको गुणवत्ता सुधार गर्नमा पनि सहयोग पुऱ्याउँछ। यसबाहेक, आरयूएसएले सिक्किम सरकारी महाविद्यालय, तादोङलाई प्रमुख महाविद्यालयको रूपमा राखेर समूहगतरूपमा महाविद्यालयहरूलाई संयोजन गर्दै एउटा सिक्किम विश्वविद्यालय निर्माणलाई पनि सैद्धान्तिक रूपमा मञ्जूरी दिएको छ।

**माननीय अध्यक्ष महोदय,**

सिक्किमको आर्थिक विकासमा औद्योगिक क्षेत्रको योगदान उल्लेखनीय रहेको छ। तथापि, मेरो सरकारले आकर्षक वित्तीय प्रोत्साहनसहित कानूनी ढाँचा तथा सौहार्दपूर्ण निवेशको स्थितिलाई सक्षम बनाउने एक निवेश अनुकूल वातावरण समर्थित स्वस्थ्य निवेश नीति ढ़ांचा तयार गर्ने प्रयास गरिरहेको छ। नीजि क्षेत्र निवेश सहभागिताका निम्ति चिन्हित कतिपय क्षेत्रहरूमा पर्यटन सम्बन्धित उद्योगहरू, परिवहन तथा व्यापार सम्बन्धित सेवाहरू, सफ्टवेयर विकास तथा इलेक्ट्रोनिक आधारित उद्योगहरू, फार्मास्युटिकल उद्योगहरू, स्वास्थ्य हेरचाह तथा शिक्षा, बागवाणी, खाद्य परिशोधन, हस्तकला तथा हस्तकर्घा आदि छन्।

राज्यमा निवेशकहरूलाई आमन्त्रित गर्न सारा देशका तथा देश बाहिरका प्रमुख औद्योगिक घरानाहरूसित अन्तरक्रिया गर्न श्रृंखलाबद्धरूपमा भेटघाटको आयोजन गर्ने मैंले व्यक्तिगत ईच्छा तथा पहल गरेको थिएँ। यी प्रयासहरूले सकरात्मक परिणाम दिएका छन् र आजको दिनमा हामीसित

पर्यटन, जल विद्युत, स्वास्थ्य, होटल उद्योग, फार्मास्युटिकल तथा खाद्य परिशोधन आदिजस्ता क्षेत्रका प्रमुख व्यवसायिक घरानाहरूका परियोजनाहरू छन्। यी सबैबाट राज्यमा रू. ५०,००० करोडको  निवेश भएको छ तथा २१,००० भन्दा अधिक रोजगार प्राप्त भएको छ।

राज्य सरकारले, वास्तवमा, निवेशक मैत्री नीतिहरू तथा सरलीकरण बोर्डमार्फत 'मेक इन इन्डिया' अभियानसित वृहत स्तरमा तालमेल कायम गर्ने प्रयासतर्फ ध्यान केन्द्रित गरेको छ।

**माननीय अध्यक्ष महोदय,**

राज्यसित पर्यावरण मैत्री विकासको एउटा अत्यन्त असल रेकर्ड रहेको छ तथा राज्यका धेरै पर्यावरणीय सङ्केतकहरूले राज्यमा संरक्षणको मजबूत सकरात्मक प्रवृति देखाइरहेका छन्। बितेका दुई दशकहरूमा राज्यको कुल भौगोलिक क्षेत्रमा वन विस्तारले ४३ प्रतिशतदेखि ४७.८० प्रतिशतको वृद्धि दर्ता गरेको छ। जीव तथा वनस्पतिका नयाँ प्रजातिहरू अभिलेखित गरिएका छन् अनि जल स्रोतहरू भरिएका छन्। कञ्चनजंघा राष्ट्रिय उद्यान २०१५ मा शीर्ष १०० हरित वैश्विक गन्तव्यमा सूचीबद्ध बनेको छ। प्रदूषण जाँचका लागि पटेकाहरूको निर्माण, बिक्री तथा प्रयोगमाथि निषेध तथा कृषि अपशिष्टहरू जलाउनेमाथि प्रतिबन्ध जस्ता दुई नयाँ उपायहरू शुरू गरिएको छ।

राज्य सरकारका नवोन्मेषी ध्वजवाहक कार्यक्रमहरू जस्तै राज्य हरित अभियान, स्मृति वन, धरतीलाई १० मिनट तथा पर्यावरण महोत्सवहरू जारी छन्। प्रत्येक वर्ष १५ देखि ३० जूनमा, राज्यका सबै क्षेत्रका मानिसहरूले सक्रियताका साथ बिरूवा रोपणमा सहभागिता जनाउँदछन्। ५००८.६ भन्दा अधिक हेक्टेयर वन भूमीमा बिरूवा लगाउने कार्य गरिएको छ। वन्य आवरणमा वृद्धि गरेर जलवायु परिवर्तन निवारण गर्ने सम्बन्धित राष्ट्रिय अभियानका दुई कार्यक्रमहरू ग्रीन इन्डिया तथा फरेस्ट प्लसलाई पनि अङ्गीकार गरिएको छ।

राज्यको ३०.७७ प्रतिशत क्षेत्र वन्यप्राणी संरक्षणअन्तर्गत रहेको छ। हिमालयन जुलोजिकल पार्क, बुलबुलेमा रेड पान्डा, ब्लू शीप,घोरल, चितुवा, तित्रा तथा लार्ज इन्डियन सीवेटको बन्दी प्रजनन सफलतापूर्वक गरिएको छ। वन्यप्राणी सर्वेक्षण लगायत वन्यप्राणी संरक्षणका विभिन्न पक्षहरूमाथि पनि अनुसंधान भइरहेका छन्।

यसबाहेक, राज्य सरकारले टेण्डोङमा जैव विविधता उद्यान विकसित गर्ने निर्णय गरेको छ जसका निम्ति कार्य आरम्भ गर्न रू. १ करोडको प्रावधान मिलाइएको छ।

सबै चार जिल्लाहरूमा २५०० हेक्टेयरभन्दा अधिक क्षेत्रमा औषधीय वनस्पतिहरू लगाउने कार्य गरिएको छ। राज्य औषधीय वनस्पति बोर्ड (एसएमपीबी) ले सिक्किममा औषधीय वनस्पति तथा सुगन्धित बिरूवाहरूको पृथक संरक्षणको दिशामा एक कदमको रूपमा १६४९ औषधीय वनस्पतिहरूलाई सूचीबद्ध गरेको छ। उच्च मूल्यका औषधीय वनस्पतिहरूमा सम्वृद्ध क्षेत्रको ८०० हेक्टेयर भूमीलाई पनि औषधीय पादप संरक्षण क्षेत्र (एमपीसीए) को रूपमा पृथक संरक्षणको दिशामा सीमाङकित गरिएको छ। मेरो अध्यक्षतामा राज्य जैव विविधता बोर्डमार्फत जैव विविधता संरक्षणलाई अघि बढ़ाइँदैछ। जैव विविधता प्रबन्धन समितिहरू ग्राम पञ्चायत स्तरमा स्थापित गरिएका छन्।

राज्य सरकारले बितेका १५ वर्षहरूभन्दा अघिदेखि राज्यमा सहभागी वन्य कार्यक्रम अप्नाएको छ। यस मोडलले स्थानीय समुदायको वन्यजनित गतिविधिहरूको नियोजनमा भूमिकालाई तथा उनीहरू त्यसबाट लाभावन्तित बनेको सुनिश्चित गर्दछ। वर्तमानमा, २२८ संयुक्त वन प्रबन्धन संस्थानहरू सक्रिय छन्। सरकारका विभिन्न योजनाहरूअन्तर्गत वन सम्बन्धित रेशम खेती तथा कृषि वानिकीजस्ता आय उपार्जनका गतिविधिहरू अप्नाउन स्वंय सहायता समूहहरूको गठन भइरहेको छ।

**माननीय अध्यक्ष महोदय,**

जलवायु परिवर्तन एक अति चुनौतीपूर्ण वैश्विक मुद्दाको रूपमा अघि आएको छ। हाम्रो राज्यका मानिसहरूको जीविकोपार्जन अभ्यासहरूमाथि जलवायु परिवर्तनको प्रतिकूल प्रभावलाई ध्यानमा राख्दै जलवायु परिवर्तनमाथिको राज्य ज्ञान प्रकोष्ठलाई मजबूत गर्ने प्रस्ताव राखिएको छ। विभिन्न हितधारकहरूलाई समावेश गरेर जलवायु परिवर्तनको राज्य कार्य योजना तयार गरिएको थियो जुन वर्ष २०१५ मा जारी गरिएको थियो। उच्च स्थल पारिस्थिकी, हिमनदी गतिशीलता तथा उच्च स्थलका पोखरीहरूमाथि यसको प्रभावलाई अवलोकन गर्नका निम्ति अध्ययन भइरहेका छन्, ताकि हिमनदी पोखरीहरूको विस्फोटपछि हुने बाढ़ीको सम्भाव्यतासित सम्बन्धित आवश्यक सुधारात्मक उपायहरूलाई सम्बोधन गर्न सकियोस। यस अतिरिक्त, जैव सूचना विज्ञान तथा पर्यावरण सूचना प्रणालीपनि यस्ता वैज्ञानिक जानकारीलाई अघि बढ़ाउने उपलब्ध मञ्च हुन्।

हामीले एउटा नयाँ जैव प्रौद्योगिकी प्रयोगशालाको स्थापनालाई अघि बढ़ाएका छौं जहाँ आणविक स्तरमा ठूलो अलैंची, अदुवा तथा सिक्किमको सुन्तलाको रोग नियन्त्रणका लागि काम भइरहेको छ। सिक्किम बौद्धिक सम्पदाको मामिलामा धेरै प्राकृतिक उत्पादहरू तथा स्थानीय प्रौद्योगिकीद्वारा सम्पन्न छ जसलाई बौद्धिक सम्पदाको रूपमा सुरक्षित गर्नुपर्ने आवश्यकता छ। हामी तिमी चिया तथा सिक्किमको सुन्तला, लेप्चा टोपी, लेप्चा डारीजस्ता उत्पादहरूका लागि भौगोलिक सङ्केतकहरूलाई पञ्जीकृत गर्ने प्रक्रियामा छौं। दोस्रो चरणमा सरिमना अलैंचीलाई लिन सकिन्छ।

**माननीय अध्यक्ष महोदय,**

राज्य सरकारले राज्यमा विभिन्न ई-गर्वनेन्स पहलहरूमार्फत शासनको गुणवत्तामा सुधार ल्याउनमा कुनै कसर छोडेको छैन। महाँ वर्ष २००६ मा अधिसूचित एक असल परिभाषित सूचना प्रौद्योगिकी नीति अघिबाटै रहेको छ।

हामीले ४५ वटा सामुदायिक सेवा केन्द्रहरू स्थापित गरेका छौं र अहिले हामी राज्यका मानिसहरूलाई ई-गवर्नेन्स सेवाहरू उपलब्ध गराउन तिनीहरूलाई पुर्नजीवित गराउने प्रयासमा छौं। सम्पर्क समस्याहरूका कारण, आईटी समर्थित सेवाहरूमा विध्न आएको थियो र हामीले यस मुद्दालाई भारत सरकारसित खुबै गम्भीरताका साथ उठाएका छौं। हामीलाई २०१६ को अन्तदेखि स्थिर सम्पर्क प्राप्त गर्ने आश्वासन दिइएको छ।

सिक्किमले पर्यावरण संरक्षण तथा वन आवरणलाई वृद्धि गर्ने एक विशिष्ट रेकर्डसितै, सम्पूर्ण कृषि क्षेत्रलाई जैविक खेतीअन्तर्गत रूपान्तरित गरिरहेछ तथा स्वच्छ उर्जाको व्यापक उपयोगका सबै पक्षहरू जस्तै, शासनका सबै पक्षहरूमा सूचना प्रौद्योगिकी (आईटी)को सघन उपयोगद्वारा सहयोग उत्पन्न गराउन जल विद्युत उर्जालाई आदर्शको रूपमा प्रोत्साहित गरेको छ। आउने वर्षमा, सिक्किममा सबै ग्राम पञ्चायत एकाई (जीपीयू) हरूलाई तीव्र तथा भरपर्दो ब्रडब्याण्ड सम्पर्कद्वारा जोड़नेमाथि जोर दिइनेछ; सरकारदेखि नागरिक (सी जी) केन्द्रित सेवाहरूलाई ल्याइने छ; तथा यी सेवाहरूलाई समय सामयिक, विश्वसनीय तथा व्यवस्थित ढङ्गमा सिक्किमका नागरिकहरूको घर दैलोमा उपलब्ध गराउन इलेक्ट्रोनिक मञ्च तथा उपकरणहरू तयार गरिनेछ। सिक्किमलाई देशको हट स्पट बनाउने उद्देश्य लिएर राज्य सरकारले पनि आईटी तथा आईटी समर्थित क्षेत्र (आईटीईएस)मा निवेशलाई आकर्षित गर्ने प्रयास गर्नेछ। प्रस्तावित रूपमा अंगीकार गरिइने यी उपायहरूसितै, सिक्किमलाई देशको पहिलो 'स्मार्ट' राज्य बनाउने तथा अन्यभन्दा अघि रहेको एउटा उदाहरणको राज्यको रूपमा सिक्किमको प्रतिष्ठालाई स्थापित गर्ने हाम्रो अभिप्राय छ।

ई-पर्यटन, इन लाईन भुक्तानी, ई-अपशिष्ट सङकलन, ईनर लाईन पर्मिट ट्र्याकिङ प्रणाली, ई-निविदा तथा ई-उपार्जन आदि जस्ता गतिशील प्रौद्योगिकी उपलब्ध गराउने लगायत, सबै प्रमुख शहरहरूमा वाई-फाई

सेवाहरू उपलब्ध गराउने प्रयासहरू पनि गरिँदैछ। इन्टरफेस गर्नका लागि, बीडीओ स्तरसम्म भीडियो कनेफ्रेन्सिङ सुविधा समेत स्थापनाको प्रस्ताव छ।

**माननीय अध्यक्ष महोदय,**

गरीबीमुक्त राज्यको प्रतिष्ठा प्राप्त गर्ने उद्देश्यसित राज्य सरकारद्वारा २००९ मा गरीबीमुक्त सिक्किम अभियान शुरू गरिएको थियो। सिक्किममा, कोहीपनि भोको पेट सुत्न जाँदैन अनि प्रत्येक व्यक्तिको शिरमाथि एउटा छानो छ। तथापि, बुनियादी खाद्य सुरक्षा, बास, शिक्षा र सबैका निम्ति स्वास्थ्यलाई सुनिश्चित गर्ने योग्यता तथा ग्रामीण सिक्किममा बसोबासो गर्ने सबै मानिसहरूको जीवन स्तरलाई उठाएकाले गर्दा सिक्किम सरकारलाई अन्यभन्दा अद्वितीय बनाएको छ।

राज्य सरकारले राज्यका सबै योग्य वाशिन्दाहरूलाई फोटोसहित व्यक्तिगत डिजिटलाइज राशिन कार्ड शुरू गरेको छ। समाजका गरीब र कमजोर वर्गका लागि खाद्य सुरक्षा प्रदान गर्नका निम्ति सिक्किममा राष्ट्रीय खाद्य सुरक्षा अधिनियम (एनएफएसए) २०१३, लागू गरिएको छ। यस अधिनियमले सिक्किममा केवल दुई वर्गका लाभार्थीहरू: अन्त्योदय अन्न योजना (एएवाई) अन्तर्गतका १६,५०० परिवारहरू तथा प्राथमिकता परिवार (पीएचएच) वर्गअन्तर्गतका ३,२४,०८१ राशिन कार्ड धारकहरूको समावेशितालाई अनिवार्य गरेको छ। यी समूहहरूलाई एनएफएसए लाभार्थीहरूको रूपमा वर्गीकृत गरिएको छ। पीएचएच-का प्रत्येक सदस्यलाई रू. ३ को दरमा प्रतिमहिना ३५ केजी चामल उपलब्ध गराइन्छ। खाद्यान्नको सुरक्षित भण्डारण तथा प्रभावी वितरण सुविधाका निम्ति राज्य भरिमा २७ वटा पूर्ण क्षमतायुक्त गोदामहरू स्थापित गरिएका छन्।

१९८६ देखि राज्यमा उपभोक्ता संरक्षण अधिनियम लागू गरिएको छ तथा एक पीठासीन न्यायधीश अध्यक्ष रहेको राज्य उपभोक्ता विवाद सुनवाई

आयोग सहित एक पीठासीन जिल्ला तथा सत्र न्यायधीश अध्यक्ष रहेको जिल्ला उपभोक्ता विवाद सुनवाई फोरम उपभोक्ता सुनवाईका निम्ति काम गरिरहेको छ। यस अतिरिक्त, एउटा कानूनी मापविद्या एकाई उत्पादहरूको मानक, गुणवत्ता तथा क्षमताका निम्ति गम्भीरतापूर्वक संग्लग्न छ। ओजन तथा मापनको वार्षिक सत्यापन तथा मुद्राङ्कनसितै उपकरणहरूको नियमित जाँच भइरहेको छ।

**माननीय अध्यक्ष महोदय,**

हाम्रो विचार उन्नत उत्पादकता तथा परिवहनको आर्थिक क्षमताका लागि असल ढङ्गमा विकसित सड़क, पुलहरू तथा अन्य परिवहन सुविधाहरूको सञ्जाल विकसित गर्नु हो। यी सबैले राज्यको समग्र विकासका लागि उत्प्रेरकको कार्य गर्नेछन्। सिक्किमको अर्थव्यवस्थामा सड़क विकासले महत्वपूर्ण भूमिका गरेको छ। मेरो सरकारले राज्यभरि नै विशेष रूपमा धेरैवटा राम्रा आरसीसी तथा इस्पातका पुलहरू निर्माण गरेर सुरक्षा सुनिश्चित गरेको छ। सबै पारम्परिक ढ़ाँचाहरूको स्थान ईस्पातका नयाँ तथा ठोस पुलहरूले लिइसकेका छन्। राज्यको पुल निर्माण तथा बनावटले विकास तथा बहुमूल्य वास्तुकलाको प्रतिनिधित्व गर्दछ।

राज्य सरकारले राज्यमा २२५.२३ किलोमिटरको विभिन्न सड़क सञ्जालको देखरेख गर्दछ जसमध्ये राष्ट्रिय राजमार्ग १३८.७८ किमि, राज्य राजमार्ग ७०१.०९ किमि, प्रमुख जिल्ला सड़कहरू- १०८०.८५ किमि तथा अन्य जिल्ला सड़क मार्गहरू-३३४.५१ किमि रहेका छन्। जिल्ला मुख्यालयहरू तथा प्रमुख पर्यटन गन्तव्यहरूलाई जोड़ने चालू सड़क मार्गहरू बढ़ोत्तरी भइरहेका छन् तथा चालू सिङ्गल लेनबाट डबल लेनमा रूपान्तरित भइरहेका छन्। एक अन्य घटनाक्रममा, सरकारद्वारा निम्न सड़कहरूलाई देखरेख तथा रख रखाउका निम्ति बीआरओबाट आफ्नो हातमा लिने एउटा महत्वपूर्ण निर्णय लिइएको छ।

१. राष्ट्रिय राजमार्ग- १० रम्फूदेखि गान्तोकसम्म
२. राष्ट्रिय राजमार्ग- ३१० बोझोघारीदेखि ३ माइल चेक पोस्टसम्म
३. इन्दिरा बाइपास
४. जिरो पोइन्टबाट शुरू हुने पुरानो जवाहरलाल नेहरू मार्ग तथा उत्तरी बाइपाससित जंक्शनमा समाप्त हुने।

म यो पनि उल्लेख गर्न चहान्छु कि सरकारले बेली पुलहरू खरीद गरेको छ जसलाई भूस्खलनका कारण सड़क सम्पर्क बाधित हुँदा आपातकालीन सम्पर्कको रूपमा तत्कालै स्थापित गर्न सकिन्छ।

**माननीय अध्यक्ष महोदय,**

पूर्वमा सिँचाई विभागको रूपमा जानिएको जल संसाधन तथा नदी विकास विभाग भल-बाढ़ी नियन्त्रण तथा भूस्खलन निरोधक कार्यहरू गर्न लगायत जल संसाधनहरूको विनियोजन, प्रबन्धन तथा विकासको उत्तरदायी छ। बितेका वर्षहरूमा, १९९४-९५ देखि २०१५-१६ सम्म विभागको उपलब्धीलाई हेर्दा, सिर्जित कृषि योग्य सिँचाई क्षमता ३७,३१८ हेक्टेयर रहेको छ जसमध्ये ३०,२४९ हेक्टेयर उपयोगमा ल्याइएको छ। भारत सरकारको भल बाढ़ी प्रबन्धन कार्यक्रममार्फत, विभागले अहिलेसम्म २८ वटा प्रमुख नदी प्रशिक्षण तथा भूस्खलन निरोधक परियोजनाहरूको कार्य शुरू गरेको छ। वर्तमानमा, भारत सरकारको एफएमपी माथिको (आईएमसी-एफ एमसी) अन्तर मन्त्रालय समितिद्वारा १७ योजनाहरूलाई स्वीकृती दिइएको छ। पूर्वोत्तर परिषद (एनईसी) ले पनि भूस्खलन निरोधक तथा भल बाढी नियन्त्रण परियोजनाहरूलाई शुरू गर्नमा सहयोग दिंदछ।

**माननीय अध्यक्ष महोदय,**

सामाजिक सुरक्षा तथा सामाजिक रक्षाले समावेशी विकासको हाम्रो एजेण्डाको जग निर्माण गर्दछन्। सरकारले वयोवृद्ध मानिसहरू, असक्षमता

तथा भिन्नै प्रकारले सक्षम मानिसहरूको कल्याणका लागि वृद्धावस्था भत्ता, निर्वाह भत्ता र छात्रवृत्ति उपलब्ध गराएर विभिन्न कल्याणकारी योजनाहरू कार्यान्वयन गरिरहेको छ। भारत सरकारको सामाजिक न्याय एवं अधिकारिता मन्त्रालय  दक्षिण सिक्किमको किचुडुमरामा एक समग्र क्षेत्रीय केन्द्रको स्थापनाका निम्ति वित्त पोषण गर्न राजी भएको छ।

सरकार महिलाहरूका निम्ति विभिन्न कल्याण योजनाहरूलाई लागू गरेर समाजमा उनीहरूको उत्थान गर्नका निम्ति प्रतिबद्ध छ। सरकारले एउटा महिला हेल्पलाइन स्थापित गरेको छ तथा तत्काल सहयोग आवश्यक परेका महिलाहरूका लागि वन स्टप क्राइसिस सेन्टर स्थापित गर्ने प्रस्तावित गरेको छ। राज्यमा महिलाहरूको समग्र विकास तथा घरेलु हिंसाबाट सुरक्षा दिनका लागि राज्य सरकारले राज्य महिला आयोगको गठन गरेको छ। आयोगले महिलाहरूलाई उनीहरूको अधिकारहरूबारे जागरूक गराउन सचेतना कार्यक्रमहरू आयोजित गरिरहेछ। यस अतिरिक्त, शिशुहरूको कल्याणसित सम्बन्धित मामिलाहरूका निम्ति राज्य सरकारले बाल अधिकार सुरक्षा आयोगलाई एक वैधानिक निकायको रूपमा गठन गरेको छ।

सरकारले सुधार मानदण्डहरू तथा उद्देश्यहरूसितै  विभिन्न चालू बाल सुरक्षा कार्यक्रमहरूलाई एउटा छाता मुनी ल्याउन समेकित बाल संरक्षण योजना (आईसीपीएस) कार्यान्वयन गरिरहेको छ। यो सुरक्षा आवश्यक रहे राज्यका शिशुहरूलाई सुरक्षित वातावरण उपलब्ध गराउन साथै कानूनी अड्चनमा फँसेका शिशुहरूलाई देखभाल तथा सुरक्षा उपलब्ध गराउनका लागि हो। आईसीपीएस योजनाअन्तर्गत, सरकारले चारवटा नयाँ शिशु हेरचाह संस्थानहरूको निर्माण कार्य शुरू गरेको छ।

राज्य सरकारले ०-६ वर्ष उमेरका नानीहरूको विशेष ख्याल राखेको छ। राज्य सरकार आईसीडीएस अन्तर्गत अतिरिक्तरूपमा दूध तथा अण्डाहरू

उपलब्ध गराइरहेछ। सरकारले नानीहरूलाई दिनमा एकपल्ट खीर पनि उपलब्ध गराइरहेको छ, जसले उनीहरूको अतिरिक्त पोषण आवश्यक्तालाई पूरा गर्दछ। राज्य सरकारले नानीहरूको कल्याणका लागि कठोर मेहनत गर्न प्रेरित गर्नका लागि आँगनवाड़ी कर्मीहरू तथा सहायकहरूका लागि एक अतिरिक्त मानदेय प्रदान गरेको छ। माथि उल्लेखित सामग्रीहरूबाहेक, राज्य सरकारले आईसीडीएसमा नानीहरूलाई अतिरिक्तरूपमा सुक्खा फल (ड्राई फ्रुट्स) उपलब्ध गराउने प्रस्तावित गरेको छ।

राज्य सरकार एसी, एसटी तथा ओबीसीहरूको कल्याणका लागि समर्पित छ र यस दिशामा विशेष प्रयासहरू गरिरहेको छ। आदिम लेप्चा जनजातिको कल्याणका निम्ति कार्य गर्न आदिम जनजाति कल्याण बोर्डको स्थापना सरकारको एउटा उपलब्धी हो। यसबाहेक, यी समुदायहरूको कल्याणका निम्ति अनुसूचित जनजाति कल्याण बोर्ड, अनुसूचित जाति कल्याण बोर्ड, ओबीसी कल्याण बोर्डहरूको गठन गरिएको छ।

राज्य सरकारले जनजातिहरूको जीवन स्तरमा सुधार गर्न तथा शिक्षा प्रदान गर्न, गुणस्तरीय तथा दिगो रोजगार प्रदान गर्न, पूर्वाधार अन्तरलाई कम गर्न तथा जनजाति संस्कृति अनि धरोहरहरूको संरक्षणका निम्ति वनबन्धु कल्याण योजना लागू गरेको छ। सोही प्रकारले, अल्पसंख्यकहरूको सामाजिक-आर्थिक अवस्थामा सुधार गर्न उत्तर सिक्किमका अल्पसंख्यक बाहुल्य खण्डहरूमा बहु खण्ड विकास कार्यक्रम लागू गरिएको छ। यसको प्रमुख उद्देश्य अल्पसंख्यकहरूको जीवनको गुणवत्तामा सुधार ल्याउनका लागि बुनियादी सुविधाहरू प्रदान गर्नु हो।

राज्य सरकारले सीमाङकित समुदायहरूलाई लाभावन्तित गर्न अनुसूचित जाति, जनजाति तथा अन्य पछौटे वर्गहरूको निम्ति धेरैवटा छात्रावासहरू निर्माण गरिरहेको छ। यस अतिरिक्त, राज्य सरकारले

योग्यताको आधारमा एससी, एसटी, ओबीसी समुदायका सदस्यहरूका छात्रवृति प्रदान गरिरहेको छ। राज्य सरकारले राज्य ओबीसीलाई पनि छात्रवृतिका निम्ति समावेश गरेको छ। अनुसूचित जातिका नानीहरूलाई डा. बी.आर. अम्बेडकर योग्यता छात्रवृति प्रदान गर्ने कार्य भइरहेको छ।

**माननीय अध्यक्ष महोदय,**

राज्य सरकारले सहकारी समितिहरूलाई समग्र लाभ पुऱ्याउन वर्ष २००२ लाई सहकारिताको वर्ष घोषित गऱ्यो। यसको परिणामस्वरूप, एक लाखभन्दा अधिक व्यक्तिहरूको सदस्यतासहित राज्यमा कुल ३६१० सहकारी समितिहरू गठन भए जुन १९९४-९५ सित तुलना गर्दा उक्त समय अस्सीको दशकमा गठन गरिएका ३५ वटा एमपीसीएसहरू मात्र रहेका थिए। सहकारी समितिहरूको कुल वार्षिक कारोबार वर्ष १९९४-९५ को रू. ३० करोडको तुलनामा २०१५ सम्म लगभग रू. ३०० करोड पुगेको छ। डेरी क्षेत्रमा, शीर्ष सङ्गठन, सिक्किम मिल्क युनियन लिमिटेडको वार्षिक कारोबार रू. ४४.१७ करोड रहेको छ जुन राज्य भरिनै बजार बिपणनयोग्य स्थानहरूमा गुणवत्ता दूध सङ्कलन तथा सिक्किममा तैनाथ सेना तथा सशस्त्र बलका जवानहरूलाइ दूधका उत्पादहरूको आपूर्तिद्वारा प्राप्त हुन्छ।

२०१४-१५ को अवधिमा सिम्फेडले २०१३-१४ को रू०२३२.९६ लाखको तुलनामा रू० ३२५.६३ लाखको कृषि उत्पादको बजार बिपणन गऱ्यो। सिम्फेडद्वारा २०१४ मा गान्तोक वरिपरिका स्थानमा ताजा साग सब्जीको बजार बिपणनका लागि मोवाइल बाहन पनि शुरू गऱ्यो।

ग्राम पञ्चायत स्तरमा गठन पश्चात विभिन्न प्रकारका निमार्ण सम्बन्धित सहकारी समितिहरूले मार्च २०१५ सम्म बिभागद्वारा राज्यभरिमा २८६७ सहकारी समितिहरूलाई पञ्जीकरण गऱ्यो। यी समितिहरूलाई रू० ५००.०० करोड़को ठिका विगाका १५०० कामहरू

प्रदान गरियो र यी समितिहरूद्वारा निष्पादन गरिएका अधिकांश कामहरू सन्तोषजनक पाइएको छ।

राज्य सरकारले गाउँहरूमा बसोबास गर्ने मानिसहरू तथा हाम्रा कृषक समुदायलाई ब्याङकिङ सुविधाहरूबाट लाभावन्तित गर्न राज्यका सबै ३१ वटा खण्ड विकास कार्यालयहरूमा सिस्को (सिक्किम राज्य सहकारी ब्याङ्क लिमिटेड) शाखाहरू खोल्ने निणर्य लिएको छ।

सिक्किम सहकारी युनियनको भवन निमाण प्रगतिमा रहेको छ र यो पुरा भइसकेपछि विभागले प्रशिक्षण तथा शिक्षा विस्तार कार्यलाई अघि बढाउन लगायत सहकारी आन्दोलनलाई बढ़ावा दिन तथा प्रसार गर्न वृहत सचेतना कार्यक्रमहरू शुरू गर्नेछ। २०१६ को अन्त सम्ममा पुरा हुने सम्भावना रहेको सहकारी प्रबन्धन संस्थान (आईसीएम) ले भारतीय राष्ट्रिय सहकारी युनियन (एनसीयूआई), नयाँ दिल्लीको सहयोगमा सहकारिता प्रबन्धन संस्थानको पाठ्यक्रम शुरू गर्नेछ। हालसम्म राज्यमा सरकारद्वारा निर्मित कूल ५९ एमपीसीएस भवनहरू रहेका छन् जसमा दोकान, गोदाम तथा कार्यालय एवम् सम्मेलन कक्षहरू सामेल छन्। यसले सहकारी समितिहरूमार्फत जैविक कृषि उत्पादको बजार विषणन गर्नमा सहयोग पुऱ्याउने छ। यस ओजस्वी सदनलाई यो जानकारी दिन पाउँदा मलाई प्रसन्नता महसुस भइरहेको छ कि राज्य सरकारले सिक्किमका सबै सक्रिय एमपीसीएस-हरूलाई राज्यमा जैविक खेतीलाई अझ प्रोत्साहित गर्न जैविक उत्पादहरूको व्यापक बजार व्यावस्थापनका निम्ति चिन्हित गरेको छ।

**माननीय अध्यक्ष महोदय,**

भौतिक पूर्वाधार विकासको अभिभारा प्राप्त भवन तथा आवास विभागसित राजभवन, मुख्य न्यायधीश तथा न्यायधीशहरूको बङ्गलाहरूको देखरेख तथा व्यवस्थापनको उत्तरदायित्व रहेको छ। विभागद्वारा शुरू गरिएका

प्रमुख निमार्णाधीन परियोजनाहरूमध्ये सिच्चेमा ५७५ पलङ्गधारी बहु विशेषतायुक्त अस्पताल, टासीलिङ सचिवालय, पेलिङस्थित साङ्गा छोलिङ, चेरेञ्जी तथा दरामदिनमा स्पर्ग जाने सीढ़ी (रूमल्याङ टुङरोङ) आदि रहेका छन्। मेरो सरकारले सर्किट हाउस, संग्लग्न (एनेक्सर) भवन, ब्याङक्वेट हल, सम्मेलन कक्ष, फ्लाई ओभर, विश्व स्तरीय पुस्तकालय, एउटा सिटि सेन्टर तथा पार्किङ प्लाजाहरू राजधानी गान्तोक वरिपरि बनाउने प्रस्तावित गरेको छ।

**माननीय अध्यक्ष महोदय,**

राज्य सरकारले सम्पूर्ण राज्यको विकासका निम्ति विनियोजनमा पर्यामैत्री, एकीकृत तथा जनकेन्द्रित विकासको प्रक्रिया अप्नाएको छ। यो प्रक्रिय सहरी-राज्य अवधारणाको प्रारूपभित्र निहित रहेको छ जहाँ सबै विकासीय गतिविधिहरूलाई न्यायसङ्गत तथा चेतनशील तरिकाले संयोजन गरेर विभिन्न पक्षबाट शहरी-ग्रामीण विभेदलाई कम गरिने छ। जिल्ला मुख्यालयहरू तथा महकुमा मुख्यालयहरूमा अवस्थित सबै बजारहरू लगायत राज्यमा अधिसूचित एउटा एकिकृत प्याकेज शुरू गर्न सूचीबद्ध गरिइएको छ।

शहरी क्षेत्रहरूमा जनसंख्याको वितरणले पूर्व जिल्लामा जनसंख्याको चाप कूल जनसंख्याको ८८ प्रतिशत रहेको र त्यसपछि दक्षिण जिल्लामा ९ प्रतिशत, पश्चिममा २ प्रतिशत तथा उत्तर जिल्लामा १ प्रतिशत शहरी जनसंख्या रहेको खुलासा गर्दछ। जनसंख्याको घनत्वको चाप गान्तोक भित्र केन्द्रित छ। राज्यको राजधानी अत्याधिक तथा व्यवसायिक केन्द्र बिन्दु हो। रोजगार तथा व्यापारका असल अवसरहरूद्वारा आर्कषित ग्रामीण -शहरी प्रगमन तथा उच्च जीवनस्तरहरूको चाहनाले राजधानीमा नागरिक प्रशासन अत्याधिक बोझले थिचिएको छ। अवसरको कमी, साँगुरो ट्राफिक, ढ़ल निकासी तथा स्वच्छतामा कमी, अपशिष्ट विसर्जन आदिजस्ता समस्याको परिणामले विकट चुनौतीहरू खड़ा गर्दछन्। यी विषयहरू गम्भीर चिन्ताका विषय हुन् जसलाई सम्बोधन गर्न आवश्यक हुन्छ।

गान्तोक शहरप्रतिको आर्कषण र राजधानी तथा वरिपरिका स्थानहरूमा अनियन्त्रित प्रगमनका कारण व्ययस्थित गर्न वैकलिप्क पूर्वधार सुविधाहरू विकासीत गर्ने आवश्यकता तथा अपरिहार्यता बढ़ेको छ। हामीले गान्तोकमाथि तीव्र गतिमा बढ़दो जनसंख्याको चापलाई नियन्त्रित गर्न राजधानी वरिपरि स्थानमा सेटेलाइट टाउनशीप लगायत आवासीय कलोनीहरू विकसित गर्ने व्यापक योजना बनाएका छौं। यो कार्य तत्परतासित तथा कुनै सम्झौताबिना गरिने छ। गान्तोकको अत्याधिक भीड़-भाड़का कारण कुनै नागरिक पूर्वाधार विकासका निम्ति एकदमै थोरै स्थानमा बचेको कुरोलाई बुझ्न सक्नुपर्छ। यी सबै चिन्ताका विषयहरू राजधानीको अनियन्त्रित तथा भयावह वृद्धिका कारण भएको हो र यो विध्वशंकारी हुने छ।

गान्तोकमा निर्माण गरिइएको स्वच्छ तथा चित्ताकर्षक वातावरण शहरी सुन्दरीकरण कार्यको उदाहरण हो जसलाई सरकारले राज्यभरि अन्य सबै टाउनसीपहरूमा प्रतिआकृति गर्नेछ। म शहरको मुटुमा रहेको एमजी मार्ग विकसित हाम्रो नवीनताले भरिएको गोरेटोप्रति मानिसहरू लगायत भ्रमणकारी पर्यटकहरू द्वारा गरिइएको सराहनालाई विनम्रतापूर्वक स्वीकार गर्दछु।

ठोस अपशिष्ट, स्वच्छता, बजार/ कार पार्किङ्ग अनुबन्ध, व्यापार लाइसेन्स, शहरी गरीबी उन्मूलन आदिजस्ता कार्यहरू सम्बन्धित स्थानीय शहरी निकायहरूलाई हस्तान्तरित गरिइएको छ। रहल दोस्रो श्रेणीका शहर तथा बजारहरूका लागि यी कार्यहरू अझै पनि विभागद्वारा देखरेख गरिन्दैछ। दोस्रो श्रेणीका बजारहरूमा पाकिम, रिनाक, मल्ली, रोड़ाथाङ्ग र राभोङ्गला सामेल छन्। गान्तोकलाई इन्डिया टूडे समूहद्वारा भारतको सबैभन्दा स्वच्छ हिल स्टेशनको रूपमा 'सफाईगिरी' अवार्ड दिइएको छ।

वर्षको अवधिमा स्मार्ट सिटी अन्तर्गत नाम्चीलाई योजना अभियानअन्तर्गत शुरू गरिने देशका ९८ बजारहरूमध्ये एउटा मानिएको छ।

अटल शहरी रूपान्तरण तथा कायाकल्प अभियान अन्तर्गत सेवा स्तर सुधार योजना समाप्तिको नजिक छ तथा यसलाई केन्द्रित मन्त्रालयहरूलाई बुझाइने छ। ''सक्षम-शहर''अवधारणान्तर्ग वर्ष २०१६-१७ देखि सबै ३१ साना बजारहरूलाई चरणबद्धरूपमा शुरू गरिने घोषणा म खुःशीसाथ गर्दछु। गान्तोक सिटीसेन्टर लगायत अन्य बजारहरूमा टाउन हल, फ्लाई ओभरहरू, ओपन थिएटर, ढल–निकासी प्रणालीको सुन्दरीकरण तथा बढ़ोत्तरी, जल आपूर्ति तथा स्वच्छता लगायतका पूर्वधारहरूको निमार्ण शुरू गरिनेछ।

**माननीय अध्यक्ष महोदय,**

उर्जा एवम् विद्युत विभाग बिजुली उत्पादन, विभिन्न भार केन्द्रहरूमा संचारण तथा सबै वर्गका उपभोक्तहरूलाई वितरणमा लागिपरेको छ। समग्रमा, विभाग देशमा तीव्रगतिमा बढ़दो विजुलीको मागलाई पूरा गर्न तथा राज्यका निम्ति राजस्व आर्जन गर्न राज्यमा विद्युत परियोजनाहरूको विकासका निम्ति दायी छ।

एनएचपीसी अन्तर्गत चालू ५१० मेगावट क्षमताको टिस्टा चरण –५ जल विद्युत परियोजना तथा ६० मेगावाटको रङगीत जलविद्युत परियोजना दुवै तथा ९९ मेगावट छुजाचेन जलविद्युत परियोजना, ९६ मेगावटको जोरथाङ्ग लूप जलविद्युत परियोजनाले व्यावसयिक परिचालन शुरू गरेका छन्। यस अतिरिक्त, वित्तीय वर्ष २०१६–१७ को अवधिमा ९० मेगावट टासीडिङ जल विद्युत परियोजना, डिक्चुमा ९६ मेगावट जलविद्युत परियोजना तथा १२०० मेगावट क्षमताको टिस्टा चरण–३ जलविद्युत परियोजना शुरू हुने आशा छ।

सिक्किमका लागि पावर ग्रीड कर्पोरेसन अव् इन्डियाले हालमा राज्यमा वितरण तथा सञ्चारणको ठूलो योजनालाई मजबूत गरिरहेछ।

राज्य सरकारले "24x7 सबैका निम्ति उर्जा" योजनाअन्तर्गत सबै जड़ान गरिएका उपभोक्तहरू साथ–साथै जड़ान गरिएका परिवारहरूलाई पनि सधन

विद्युतकरण तथा प्रणालीलाई मजबूत गरेर एटी एवंम सी घाटालाई कम गर्नेप्रति ध्यान दिएर बिलिङ्मा सुधार तथा सङ्कलन दक्षता आदिद्वारा अबाधित बिजुली आपूर्ति गर्ने योजनामाथि काम गरिरहेको छ। दीनदयाल उपाध्याय ग्राम ज्योति योजना (डीडीयूजीजेवाई) तथा एकीकृत विद्युत विकास योजन(आईपीडीएस) अन्तर्गत उपयुक्त प्रक्षेपण गरिएको छ। डीडीयूजीजेवाइ अन्तर्गत ग्रामीण बीपीएल परिवारहरूलाई निःशुल्क विद्युत जड़ानको सुविधा उपलब्ध गराइने साथै ग्रामीण परिवारहरूको १०० प्रतिशत विद्युतिकरण गरिइने छ। यस योजनाले ग्रामीण क्षेत्रहरूमा विद्युत वितरणको मेरूदण्ड़लाई पनि मजबूत गरिने छ।

हाम्रो सरकार हाम्रा उपभोक्ताहरूलाई आधुनिक तथा अनुकूल सुविधाहरू उपलब्ध गराएर सशक्त गराउने दिशामा काम गरिरहेछ। यस दिशामा गान्तोक तथा वरिपरिका क्षेत्रहरूमा उपभोक्तहरूका निम्ति बिजुली बिलको ई-भुक्तानी प्रणाली शुरू गर्नु एक अर्को कदम हो। ई-भुक्तानी प्रणाली अघिबाटै परिचालनमा छ र सफलतापूर्वक सञ्चालित छ।

**माननीय अध्यक्ष महोदय,**

हामी जनतालाई सुरक्षित, भरपर्दो र आरामदायक यात्रा सुविधाहरू उपलब्ध गराउन काम गरिरहेका छौं। परिवहन विभागले यातायातको सुविधाजनक ढाँचाद्वारा मानिसहरूलाई लाभावन्तित गर्न तथा राज्यमा सबै दूरदराजका क्षेत्रहरूलाई यातायात सम्पर्कद्वारा जोड्न ४१ वटा नयाँ बसहरू खरीद गरेको छ। नाम्ची तथा सोरेङ्गमा गरेर दुईवटा नयाँ क्षेत्रीय यातायात कार्यालहरू स्थापित गरिएका छन्। सिलगढ़ीमा बस बिसौनीको नजिक मोटर वाहन कार्यालयको निमार्णको आवश्यकता महसुस गरिएको छ।

वर्ष २०१६-१७ को अवधि, राज्य सरकारले रम्फू, मल्ली र रेसीमा वे-ब्रीज सहित संयुक्त चेकपोस्टको स्थापनालाई प्रस्तावित गरेको छ।

सड़क यातायात एवम् राजमार्ग मन्त्रालय, भारत सरकारले जालीपूलमा निरीक्षण एवम् प्रमाणीकरण केन्द्रको स्थापनालाई अनुमोदित गरेको छ। यो कार्य केन्द्रिय सड़क यातायात संस्थान (सीआईएटी), पूणेले मन्त्रालयको एक एजेन्सीको रूपमा यस कार्यलाई निष्पादन गर्नेछ। यस अतिरिक्त सड़क यातायात एवम् राजमार्ग मन्त्रालय, भारत सरकारको वित्तीय सहयोगमा ड्राइभिङ, प्रशिक्षण एवम् अनुसंधान संस्थान (आईडीटीआर) स्थापना गरिनेछ। राज्य सरकारले वाहनहरूको अनलाइन पञ्जीकरण तथा ड्राइविङ लाइसेन्सका लागि स्मार्ट कार्ड तथा टोकन ट्य़ाक्सको भुक्तानीलाई प्रस्तावित गरेको छ।

**माननीय अध्यक्ष महोदय,**

राज्यका युवाहरू हाम्रा प्रमुख संसाधनहरू हुन्। उनीहरू हाम्रा भविष्य हुन्। उनीहरूले हाम्रो गन्तव्यलाई आगामी २०–६० वर्षहरूमा निर्धारित गर्नेछन्। राज्य सरकार हाम्रा युवाहरूको भूमिका तथा क्षमतालाई पूर्णरूपमा सराहना गर्दछ तथा राष्ट्र निमार्ण प्रक्रियामा योगदान गर्न उनीहरू सक्षम छन्। हाम्रो सरकार लगाताररूपमा हाम्रा युवाहरूको समग्र विकासका निम्ति काम गरिरहेछ। हामी उनीहरूलाई हाम्रो विकासको केन्द्र बनाउन चाहन्छौं। यसैकारण हामीले वर्ष २००५ लाई सिक्किममा "युवा क्रान्ति वर्ष" घोषित गरेका हौं। हामी हाम्रा युवाहरूले लाभदायक रोजगार पाएको हेर्न चाहन्छौं। हामी हाम्रा युवाहरूलाई उनीहरूको दक्षतालाई दोहन गर्ने वातावरण तथा अवसरहरू तयार गर्न चाहन्छौं। हामी हाम्रो युवाहरूलाई विभिन्न क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रियरूपमा नेतृत्व दिएको हेर्न चाहन्छौं। हामी हाम्रा युवाहरूलाई अन्य सांस्कृतिक अभ्यासहरूको सकारात्मक पक्षहरूलाई अध्ययन गर्नसाथ हाम्रो आफ्नै संस्कृतिलाई पनि बढ़ावा दिउन भन्ने पनि चाहन्छौं।

खेलकुदले युवाहरूको दैनिक जीवनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। यस सम्बन्धमा सिक्किम सरकारले राज्यका युवाहरूका निम्ति खेलकूद गतिविधिहरूको विकासको निम्ति धेरैवटा खेलकूद सम्बन्धित पूर्वाधारहरू तयार गरिरहेछ। सरकारले

राज्यमा विभिन्न खेलकूदका गतिविधि आयोजित गर्दछ। म हाम्रा युवा युवतीहरूले राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरूका विभिन्न वर्गमा सहभागिता जनाईरहेको प्रसन्नतापूर्वक बताउन चाहन्छु। सिक्किमका युवा-युवतीहरूले मई २०१५ मा गुवाहाटीमा आयोजित युवा उत्सवमा सहभागिता जनाएका थिए तथा देशमैं तेस्रो स्थान प्राप्त गरे।

राज्य सरकारले सिक्किमका युवाहरूलाई खेलकूदमा प्रोत्साहित गर्न मेधावी खेलाड़ीहरूलाई नगद पुरस्कारहरू आरम्भ गरेर उनीहरूको समग्र विकासलाई प्रोत्साहित गरि रहेको छ। विभागले यो पुरस्कार एशियाई खेल तथा राष्ट्रमण्डल खेलजस्ता अन्तराष्ट्रिय तथा अन्य राष्ट्रिय प्रतियोगिताका पदक विजेताहरूलाई प्रदान गरिरहेछ।

आर्चेरी, एथलेटिक्स, कुस्ती ब्याड़मिण्टन, फुटबल, टोबलटेनिसतथा वुशु जस्ता खेलहरूमा राज्यका युवा प्रतिभाहरूलाई प्रशिक्षण प्रदान गरिन्दैछ। हामीले राज्यमा युवा तथा खेलकुदको समग्र विकासका निम्ति सिक्किम युवा विकास बोडको स्थापना गरेका छौं।

**माननीय अध्यक्ष महोदय,**

अब म चालू वित्तीय वर्षको बजेटीय प्रवधान माथि सवविस्तार बोल्ने छु। वार्षिक योजनाको आकार रू० २८१७.६८ निर्धारित गरिएको छ जसमा रू० ६०२.९५ करोड़को वार्षिक ऋण समावेश रहेको छ।

यस बजेटमा मैले रू० २८३४.३५ करोड़ योजना अन्तर्गत, जसमा पूर्वोत्तर परिष्द् अन्तर्गत, केन्द्रिय संसाधनको अपेक्षीय कोष तथा केन्द्रिय प्रयोजित योजनाहरू तथा गैर योजना लेखा अन्तर्गत रू० ३०५०.०८ करोड़को प्रवधान मिलाएर कुल रू० ५८८४.४३ लाई प्रस्तावित गरेको छु। यस आकलनमा ब्ययमा कमीको रूपमा समायोजन गर्न सकिइने प्राप्तिहरूको प्रावधानलाई समावेश गरिएको छ।

मैले र० ५८२१.२३ करोड़को कुल प्रप्ति प्रस्तावित गरेको छु जसमा रू० ६४६.०६ करोड़ कर राजस्व तथा रू० ३६२.२६ करोड़ गौर कर राजस्व सामेल छ। बजेटमा प्राप्ति तथा वितरणको समायोजितलेखा सितै अब म वर्ष २०१६-१७ का लागि बजेटको मुख्यांश प्रस्तुत गर्ने छु।

(रू० करोड़मा)

| क. | प्राप्ति | लागत |
|---|---|---|
| १. | राज्यको राजस्व | |
| | क. कर राजस्व | ६४६.०६ |
| | ख. गैर कर राजस्व | ३६२.२६ |
| २. | अनुदान | १७८२.०३ |
| ३. | केन्द्रिय करमा राज्यको अंश | २०९४.९५ |
| ४. | वितिय स्स्थानहरू तथा भारत सरकार बाट ऋण | ८४०.३० |
| ५. | एस टी आई डी एफ एवंम पर्यावरण महसूल | ८५.०० |
| ६. | ऋण एवंम अग्रिम बाट प्राप्ति | ०.७८ |
| ७. | चुक्ता जनलेखा | ९.८५ |
| **क.** | **कुल प्राप्ति** | **५८२१.२३** |
| **ख.** | **व्यय (चुक्ता)** | |
| १. | योजना व्यय | २८१८.१८ |
| २. | गैर योजना व्यय | ३००३.०८ |
| **ख.** | **कुल व्यय** | **५८२१.२६** |

**माननीय अध्यक्ष महोदय,**

राज्य सरकारले सबै प्रमुख क्षेत्रहरू लगायत शिक्षा, स्वास्थ्य, सामाजिक न्याय आदिमा हाम्रो उपलब्धीहरूको स्थापनालाई निरन्तरता दिइरहने छ। सिक्किमले देशमा सर्वोच्च प्रतिव्यक्ति आय अनुक्रमणिकामा लगभग सबै वृद्धि सूचकहरूमा शीर्ष

स्थान प्राप्त गरेको छ। अब भविष्यगत विकास कार्यक्रमलाई नवोन्मेषी सोंचसहित गुणात्मक विकासमाथि ध्यान केन्द्रित रहने छ। हाम्रा चुनौतीहरूमध्ये एक सिक्किमलाई व्यापक उपभोक्ताबाद मुक्त गर्नु हो। यस लक्ष्यको दिशामा जैविक खेती एउटा यस्तो अभियाहन हो। जैविक उत्पाद, जैविक खाद तथा सिक्किमका विशेष नगदेबालीको वृहत उत्पादनले सिक्किमलाई दीर्घ अवधीका निम्ति स्वनिर्भर बनाउने छ। राज्य सरकारले राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरमा सबै क्षेत्रहरूमा ठूलो संख्याहरूमा सुधारका पहलहरू शुरू गरिसकेको छ। सिक्किमले विभिन्न क्षेत्रहरूमा आफ्ना उपलब्धीहरूका निम्ति ठूलो संख्यामा राष्ट्रिय स्तरमा पुरस्कारहरू प्राप्त गरिरहेछ। भर्खरैमात्र इन्डिया टुडे समूहले हाम्रो योगदानलाई पाँच भिन्न वर्गहरूमा पहिचान गरेको थियो तथा सिक्किमको उपलब्धिहरूलाई देशमा "पकेट साइज पावर हाउस" को उपमा दिएको थियो। राष्ट्रिय स्तरमा प्राप्त यो पहिचान हामी सबैका निम्ती हो।

राज्य सरकार हाम्रा मानिसहरूको लाभका निम्ती ज्ञान, इतिहास, संस्कृति, हाम्रो जीवन पद्धति, जीवन तथा विश्वास आदिलाई स्थायी बनाउने दिशामा काम गरिरहेछ तथा यी केन्द्रहरूले आउने समयहरूमा हाम्रो संस्कृतिलाई सहारा दिनेछन्। यसै कुरालाई ध्यानमा राखेर, राज्य सरकारले आगामी वित्तीय वर्षहरूको अवधिमा निम्न संस्थानहरू स्थापनाको पहल गर्नेछ।

**राज्य पुस्तकालयः** राज्य सरकारले सिक्किममा ज्ञानको केन्द्रको रूपमा भारतकै सबैभन्दा ठूलो पुस्ताकालय स्थापनाको महान परियोजनालाई 'ज्ञान मन्दिर' को रूपमा नामकरण गरिरहेछ। पुस्तकालय मा ई– पुस्तकहरू, अडियो पुस्तकहरू, फोटो अभिलेखालय, सिक्किम माथिका दुर्लभ पुस्तकहरूको परम्परागत पुस्तक सङ्कलन तथा डिजिटल सङ्कलन रहनेछ। म यस उद्देश्यका लागि २०१६–१७ को बजेटमा रू० १ करोड़ आवण्टनको घोषणा प्रसन्नतापूर्वक गर्दछु।

**लोक आरोग्य केन्द्रः** आसाम लिङजेमा एउटा पारम्परिक उपचार केन्द्र विकसित गर्ने प्रस्ताव गरिएको छ। यस केन्द्रले सिक्किमका विभिन्न समुदायसित सम्बन्धित पारम्परिक झारफूक्र गर्नेहरूलाई स्थान दिनेछ। म यस कार्यका लागि रू. १ करोड़ प्रस्तावित गर्दछु।

**शहीद ग्रामः** यस परिसर वा गाउँले हाम्रा स्वाधीनता सेनानीहरूले भारतको स्वतन्त्रतामा पुऱ्याएको योगदानलाई दर्शाउनेछ। यस परिसरमा भारतीय शहीदहरूको उध्वर्काय तथा प्रतिमाहरू स्थापना गरिनेछ। यो पश्चिम सिक्किमको गेजिङ्मा भानुभक्तको सालिग भएको स्थानदेखि मुनी विकास गर्ने प्रस्ताव छ। यस कार्यका लागि रू. १ करोड़को शुरूवाती धनराशिको आवण्टन गरिएको छ।

**जातीय सांस्कृतिक केन्द्रः** राज्यका सबै २१ समुदायहरूको यो एउटा सामुहिक संग्रहालयको परिसर हुनेछ, जसले हाम्रा मानिसहरूको रीति–रिवाज र परम्परा, खानपान, जीवन शैलीलाई प्रदर्शित गर्नेछ। पर्यामैत्री आवास सामग्रीहरूद्वारा बनाएको पारम्परिक घरहरू अनि सामग्रीहरू बिक्री गरिरहेका जातीय बजारहरू यस केन्द्रको प्रमुख विशेषता हुनेछन्। यस परिसरले एक स्थानमा सिक्किमको इतिहाशको वित्तचित्र प्रस्तुत गर्नेछ। यस कार्यका निम्ती म शुरूआती चरणमा रू. १ करोड़को धन राशि आवण्टन गर्दछु।

**पाषाण प्रतिमाहरूः** यस अन्तर्गत सिक्किमका आदिम वासिन्दाहरूको प्रतिमालाई पहाड़को शीर्षमा खोपेर स्थापित गर्ने योजना रहेको छ। एक शुरूआती परियोजना को रूपमा हामीले पारम्परिक भेषभूसामा सजिएका तथा बाहिरी दुनियालाई हाम्रो मानिसहरूको आवश्यक पहिचानलाई झल्काउने प्रतिमाहरू स्थापित गर्न सक्छौं। यस उद्देश्यका निम्ती म शुरूआती चरणमा रू. १ करोड़को धनराशी आवण्टन गर्दछु।

राज्य सरकार सिक्किमका जानताबाट प्राप्त सहयोग र सराहनालाई अभिलेखित गर्दछ। विगतमा तथा वर्तमानमा हामीले शुरू गरेका सबै जन अभिमुखि नीतिहरूलाई जनताको न्यानो प्रतिक्रया प्राप्त भएकोमा व्यक्तिगत रूपमा गुणग्राही छु। म सिक्किमका जनतालाई विश्वास दिलाउन चाहन्छु कि राज्य सरकारले सधैं नै "सिक्किमीकरण" वा सिक्किममैत्री नीतिहरूलाई बढ़ावा दिनमा सहयोग गर्नेछ। हाम्रो विकासीय प्रयासको केन्द्रमा सधैं एउटा ''सिक्किम केन्द्रित'' सिद्वान्त रहनेछ।

म सत्तारूढ़ साथ–साथै माननीय विपक्षी सदस्यहरूप्रति उनीहरूको सहयोग तथा सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु। माननीय सदस्यगण, म तपाईहरूसित सिक्किमका मानिसहरूको हितमा एकात्मकता तथा विचारधाराका सिद्दान्तलाई कायम राख्ने अनुनय गर्न चाहन्छु।

जनताका प्रतिनिधिको रूपमा हामीसित राज्य तथा राष्ट्र निमार्ण प्रक्रियालाई मजबूत गर्ने उत्तरदायित्व छ। यस उत्तरदायित्वलाई सबैबाट सामुहिक प्रयास हुनुपर्ने माग रहन्छ। प्रजातन्त्रामा, आपसी विचार विमर्श तथा चर्चाद्वारा प्रगति गरिन्छ, हिंसक तरिकाले होइन। आऔं, हामी सबै सिक्किममा एक बनौं र शान्ति तथा सद्भावनालाई बनाईराख्न स्वंयलाई एक साथ समर्पित गरौं र सिक्किमलाई नवीन पहल तथा प्रगतिको क्षेत्रमा एउटा वैश्विक पहलको रूपमा विकसित गर्ने सुनश्चित गरौं।

यी विचारका साथ म हाम्रो सरकारको २२औं बजेट सिक्किमका जनतालाई समर्पित गर्दछु।

***जय सिक्किम, जय हिन्द।***

सिक्किम सरकार

# मुख्यमन्त्री

# तथा

# प्रभारी मन्त्री

# वित्त, राजस्व एवं व्ययद्वारा

# २०१६–१७ का लागि

# बजेट अभिभाषण

## २१ मार्च, २०१६